# परमेश्वरमा निश्चित हुनुहोस्

र यो यसरी भनिएको छ:

*अब गिलादको*…तिश्बेका *तिश्बी एलियाले आहाबलाई भने, परमप्रभु इस्राएलका परमेश्वर जसको सेवा म गर्दछु, उहाँको जीवित नाउँमा शपथ खाएर म भन्दछु, कि मेरो वचनविना आगामी केही वर्षहरूभरि न त शीत पर्नेछ न केही पानी पर्नेछ।*

*तब परमप्रभुको यो वचन एलियाकहाँ आयो,*

*यो ठाउँ छोड़ेर पूर्वतिर लाग्, र यर्दनको पूर्वतिर भएको करीतको —करीतको,*(मैले भन्न खोजेको)*खोल्सामा गएर लुकिबस्।*

*तैंले खोलाको पानी पिउनू, र तँलाई त्यहाँ खुवाउनलाई मैले कागहरूलाई हुकुम गरेको छु*…

*यसैले परमप्रभुले भन्नुभएझैँ तिनले गरे। तिनी यर्दनको पूर्वतिर भएको करीत खोल्सामा गएर बसे।*

*यहाँ कागहरूले तिनलाई बिहान रोटी र मासु र बेलुकी रोटी र मासु ल्याइदिए, र तिनले खोलाको पानी पिए।*

*केही समयपछि देशमा पानी नपरेकोले त्यो खोलाको पानी सुक्यो।*

*तब परमप्रभुको यो वचन तिनीकहाँ आयो।*

उठ् र *झट्टै सीदोनका सारपतमा गएर त्यहाँ बस्: तँलाई खुवाउन मैले त्यस ठाउँमा एउटी विधवालाई आज्ञा गरेको छु।*

*यसैले तिनी सारपतमा गए। जब तिनी सारपतको मूल ढोकामा आइपुगे, तब तिनले एउटी विधवालाई दाउरा बटुलिरहेकी देखे। तिनले हपारेर त्यसलाई भने, "कृपा गरी एउटा लोहोटामा मलाई अलिकता पानी पिउनलाई ल्याइदेऊ।*

*त्यो विधवा पानी ल्याउनलाई जाँदाजाँदै तिनले फेरि हपारेर त्यसलाई भने, कृपा गरी एक टुक्रा रोटी मलाई ल्याइदेऊ।*

*त्यस विधवाले जवाफ दिई "जीवित परमप्रभु तपाईंका परमेश्वरको नाउँमा शपथ खाएर म भन्छु, कि भाँड़ामा एक मुट्ठी पीठो र ढुङ्ग्रोमा अलिकता तेलबाहेक मसित केही रोटी छैन, हेर्नुहोस्, म दुईटा लाठी खोज्दैछु, ताकी म आफै र मेरो छोराको निम्ति खानेकुरा बनाएर खाई मर्नलाई घरमा केही झिँजामिजा लानलाई खोज्दैछु।*

*एलियाले त्यसलाई भने, "नडराऊ, घर गएर तिमीले भनेझैँ गर: तर पहिले तिमीसित जे छ त्यसको एउटा सानो रोटी बनाएर म कहाँ ल्याऊ, र त्यसपछि तिमी र...तिम्रो छोराको निम्ति केही बनाऊ।*

*किनकि परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ: भाँड़ाको पीठो सिद्धिनेछैन र ढुङ्ग्रोको तेल रित्तिनेछैन। जबसम्म देशमा परमप्रभुले पानी नपठाउनुहुन्न*

*त्यो विधवा गएर एलियाले भनेझैँ गरी। यसैले एलियाको निम्ति र त्यो र त्यसका परिवारको निम्ति दिनहुँ खानेकुरा भयो।*

*किनकि भाँड़ाको पीठो सिद्धिएन, र ढुङ्ग्रोको तेल पनि रित्तिएन, जस्तो परप्रभुको वचन थियो जुन एलियाले* बोलेका थिए।

यस विहानको कुराकानीको लागि, विदेश जानुभन्दा केवल अगाडि, मैले यस विषयमा एउटा पाठ चयन गरेको थिए जुन थियो: *परमेश्वरमा निश्चित हुनुहोस्।*

2 र अब, हे प्रभु, तपाईको वचन प्रचार हुदछ यसलाई आशिष दिनुहोस्, र पवित्र आत्माले हाम्रो मन र विचारहरु कैद गरेको होस्, र उहाँको उपस्थितिको लागि हामीलाई तयार गर्नुभएको होस्, जसरी हामीले उहाँलाई आउनको निम्ति आग्रह गरेका छौ। किनकि हामी परमप्रभुको घरमा देखिन, या हेर्नको लागी आएका होइनौ, तर तपाईको बारेमा सिक्नको निम्ति, र तपाईको स्वभाव, र तपाईको मार्ग, र तपाईको हेतुहरु जान्नको निम्ति, ताकि हामी जीवनका समस्याहरु एउटा वास्तविक आश्वासनका साथ, परमेश्वरमा निश्चय भएर सामना गर्न सक्षम हुन सकौ। यो प्रदान गर्नुहोस्, प्रभु। येशू ख्रीष्टको नाउँमा हामी यो माग्दछौ। आमेन।

3 यो पक्कै पनि एउटा डरलाग्दो बिहान हुनुपर्छ। यो अत्यन्त गर्मी र धूलो थियो, र मानिसहरु सडकमा थिए, भोकाएका थिए, र पृथ्वी यति तातो भएको थियो कि यो जल्ने तयारीमा थियो। यो सबै तिनीहरुको पाप र तिनीहरुको नैतिक पतनको प्रतिबिम्ब थियो।

4 तपाईले देख्नुहुन्छ, त्यो समयमा अहाबले इस्राएलमा—इस्राएलमा राज गरिरहेको थियो, या इस्राएलभरी, र उनी इस्राएलका सबै राजाहरु भन्दा दुष्ट थिए। त्यहाँ अहाब जत्तिको दुष्ट राजा पहिले कोहि पनि थिए, किनकि उनले, उनलाई सिकाईएको थियो र उनले राम्रो संग जानेका भए पनि, उनले गरेका सबै कामहरुबाट लगातार परमेश्वरलाई अप्रसन्न तुल्याउने कार्य बन्द गर्न उनी असफल भए। यद्धपि उनी संग एउटा महान् सैन्य व्यवस्था थियो, र मानिसहरु उनको शासनकालमा धेरैनै समृद्ध भएका थिए, तरै पनि तपाईले परमेश्वरलाई अप्रसन्न पारेर, धेरै लामो समयसम्म समृद्ध रहने अपेक्षा गर्न सक्नुहुन्न।

5 र त्यसपछि, उनको विवाहमा, उनको आफ्नै मानिसहरु बीचबात विवाह नगरेर, उनी त्यसबाट बाहिर गए र एउटा मूर्तिपूजक, मूर्ति पूजा गर्ने, एउटा पापीलाई विवाह गरे। उनले इजिबेललाई विवाह गरे। र उनी एउटा विश्वास थिईनन्।

6 र कुनै पनि विश्वासीले अविश्वासीसंग जस्तो सुकै परिस्थितिमा पनि विवाह गर्नुहुदैन। सधै विश्वासीहरुलाई नै विवाह गर्नुपर्छ।

7 तर अहाबले यो दुष्ट काम गरे। र त्यहाँ कुनै संका छैन कि इजिबेल एउटा सुन्दर स्त्री थिईन् भनेर। र तिनी उनको बाहिरी सुन्दरलाई हेरेर प्रेममा परेका थिए, न कि उनी को हुन् भनेर। त्यहि नै, धेरैजना मानिसहरुले आजको दिनमा पनि त्यहि नै गल्ति गर्छन्।

8 र उनले देशमा, मानिसहरूको विचमा मूर्तिपूजा ल्याएकी थिईन्। र मानिसहरु, पूजाहारीहरु, सेवकहरु यस यो ठूलो लोकप्रिय माँगको पिडित भएका थिए।

9 र यो नै आज हाम्रो देशको पनि तस्बिर हो। हामीहरु लोकप्रिय मागको तल गिरेका छौ। कुनै सन्देह छैन कि पूजाहारीहरुले यो सबै ठिक हुनेछ सोचेका थिए, जबसम्म तिनीहरुको सरकारले यसलाई ठिकै मान्छ। तर मलाई मतलब छैन कि सरकारले के कुरालाई मान्य गर्छ, यो परमेश्वरले के

मान्य गर्नुहुन्छ सो हुनुपर्छ। र मानिसहरुले सोचे कि यदि तिनीहरुले आफ्नो केहि संसारीक चिजहरुमा पूर्वानुमान गर्छन् भने त्यो ठिकै हो।

10 र मैले भर्खर जे भने यो आजकै सम्भावित तस्बिर हो भनि पुनः चित्रण गर्नको लागि कसैले मलाई भन्न सक्छ। हामीले सोच्दैनौ होला हामी मूर्तिपूजक हौ भनि, तर हामी हौं। र सरकारले यसको समर्थन गर्छ। आजका मानिसहरु मूर्तिपूजकहरु हुन्, किनभने तिनीहरुले—तिनीहरुले मूर्ति पूजा गर्छन्। ती मध्ये केहिले मूर्तिहरुको रुपमा चलचित्रका ताराहरुलाई पूज्छन्। कतिपयले मूर्तिको रूपमा पैसाको पूजा गर्छन्। र कतिले मूर्तिको रूपमा टेलीभिजनका ताराहरुलाई पूजा गर्छन्। तर तपाईले परमेश्वर भन्दा पनि अगाडि जे राख्नुहुन्छ ती सबै कुरा मूर्ति हुन्, जे भए पनि यहि नै सत्य हो।

11 यहाँसम्म कि शैतान पनि, हाम्रो महान शत्रु, यो यति चतूर छ, उसले कहिलेकाहि मण्डलीलाई समेत परमेश्वर भन्दा अगाडि राखिदिन्छ। तपाईको एउटा महान् मण्डली होला। यो एउटा ठूलो भवन हुनसक्छ, या यो एउटा ठूलो नामधारी संस्था हुन सक्ला। र, फेरी, यो एउटा ठूलो मण्डली हुनसक्ला, तर तपाईको मनमा परमेश्वरभन्दा अगाडि केहि पनि आउन नदिनुहोस्। परमेश्वर भन्दा अगाडि भएको कुनै पनि कुरा मूर्ति हो।

12 र यी मानिसहरुलाई थाहा थियो कि यिनीहरु उत्तिकै आत्मिकी थिएनन् जति तिनीहरु पहिले राजाहरुको शासनमा हुनेगर्थे। र तिनीहरुले सोचेका थिए, कि तिनीहरु एउटा धार्मिक जाति भएकै कारणले सबै कुरा ठिकठाक हुन आउनेछ। र त्यहि नै तरिकामा हामी पनि त्यस ठाउँमा आईका पुगेछौ।

13 केहि महिना अगाडि म मेरो एकदमै राम्रो साथीसंग कुरा गरिरहेको थिए। र उनले मलाई भने, "भाई ब्रन्हाम, मेरो विश्वास गर्छु कि तपाईले यो संयुक्त राज्यलाई नजिकै बाट प्रहार गर्नुहुन्छ।" उसले भन्यो, "तपाई सधै पापको विरुद्धमा गर्जिरहनु हुन्छ र परमेश्वरले यस राष्ट्रलाई सजाय दिनुहुन्छ।"

14 मैले भने, "उहाँले यो गर्नु नै हुनेछ, न्यायी हुनको लागि।"

उसले भन्यो, "तर, भाई ब्रन्हाम, तपाईले यो भुल्नुभयो कि यो देश धर्मशास्त्रको आधारमा स्थापित गरिएको थियो। र हाम्रा पिता–पूर्खाहरु यहाँ आए, परमेश्वरले हामीलाई यो सम्पदा दिनुभयो। र हामी धार्मिक राष्ट्र हौँ।"

15 मैले भने, "त्यो सत्य हो, यो सबै नै। र कसैलाई पनि थाहा छैन कि यस देशलाई म कति कदर गर्छु भनेर! तर, हेर्नुहोस्, मेरो भाई, इस्राएल पनि परमेश्वरले चुनेको थियो, र उहाँले उसको अगमवक्ताहरु र महान् व्यक्तिहरु

पठाउनु भयो। तर परमेश्वर पाप सहन गर्न सक्नुहुन्न। उहाँले इस्राएललाई ती सबै दाना कटनी गर्न लाउनुभयो जुन तिनीहरुले रोपेका थिए। र यदि उहाँले इस्राएललाई आफूले जे रोपेको कटनी गर्न लगाउनुभयो भने, उहाँले हामीलाई पनि हामीले जे रोपेका छौ त्यो कटनी गर्न लाउनुहुनेछ। उहाँ व्यक्तिको आदर गर्ने परमेश्वर हुनुहुन्न।"

16 र हामी त्यो ठाउँमा आईपुगेका छौ जहा हामीले सोच्नुपर्छ किनभने हामी हाम्रा पिता पुर्खाले के गरेका थिए त्यस कुरामा निर्धक्क बसेका छौ, वा हाम्रा मण्डलीका ठूला संस्थापाक हरुले के गरे, परमेश्वरको लागि तिनीहरुको ठूलो बलिदान के थियो त्यसमा भर परिरहेका छौ, जुन ठिक छ र धेरै नै कदर पनि गरिएको छ, तर तिनीहरुले के गरे त्यसबाट हामीले मुक्ति पाउन सक्दैनौ! मुक्ति प्रत्येक व्यक्ति र परमेश्वर विचको एउटा व्यक्तिगत मामला हो। हाम्रो राष्ट्रसंग होइन, हाम्रो मण्डलीसंग होइन, तर परमेश्वर सामु आफ्नै मामला हो, हामीले नै जवाफ दिन्छौ।

17 यो हाम्रो देशमा त्यस ठाउँमा आईसकेको छ, जबसम्म हामीसंग भएका अत्यन्त आत्मिक मानिसहरुको विचमा, तपाई आत्मिक पुरुषहरु र महिलाहरुको विचमा जानुहोस्, र तपाईले तिनीहरुको हृदयमा पाउनुहुन्छ कि त्यहाँ केहि कुराको अभाव छ।

18 हामीहरु गएका केहि हप्ताहरुमा, म यी केहि चिजहरुबात भएर गईरहेको छु, र पुरुषहरुमा पाए अनुसार कि मलाई लाग्छ त्यहाँ एउटा विऊ थियो, तरै पनि मैले यो पाए कि उनीहरुले अस्थायी कुराहरुमा जोड दिईरहेका छन्, वरपर जादै र भरिरहेका छन्, "परमेश्वरले मलाई ठूलो *फलानो–फलानो* दिनुहुन्छ। परमेश्वरले दिनुहुन्छ..." तपाईले धोका दिदै हुनुहुन्छ।

19 महान् भौतिक चिजहरु सधै परमेश्वरको इच्छामा रहदैन। परमेश्वरले धर्मी र अधर्मी दुवैमा वर्षा पार्नुहुन्छ। तर संसारलाई आज जे आवश्यक छ त्यो विश्वासको एउटा भ्रम होइन, आफैलाई केहि कुराको भ्रममा राख्ने अनि त्यसलाई आत्मिक हो भनि भन्न खोज्ने।

20 कहिले काहि विश्वासले महान् आश्चर्यको काम गर्नेछ. र अभै पनि त्यो एउटा आत्मिक हृदयबाट आएको हुदैन। के हाम्रो प्रभुले यो भन्नुभएको छैन र, "त्यसदिन धेरैजना मकहा आउनेछन्, र भन्नेछन्, 'के मैले तपाईको नाउँमा *यो* गरिन, *त्यो* गरिन?' र म तिनीहरु भन्नेछु, 'म बाट दूर होइजाओ, तिमीहरु अधर्म काम गर्नेहरु।'" अधर्म भनेको के हो? केहि त्यस्तो कुरा

हो जुन तपाईलाई सहि गर्नलाई थाहा छ र पनि त्यो गर्नुहुदैन। “मैले तिमीहरुलाई कहिल्यै पनि चिनेको थिईन,” उहाँले भन्नेहुनेछ। र हामी त्यहि दिनमा बाँचिरहेका छौ।

21 आज हामीलाई जे आवश्यकता छ त्यो धेरै भौतिक चिजहरु होइनन्। हामीसंग त्यो छ। हामीलाई ठूला मण्डलीहरु चाहिदैन। हामीलाई ठूला समूहहरु चाहिदैन। हामीलाई थप रेडियो र टेलिभिजनमा आवश्यक छैन। हामीलाई यी अधिक कुराहरुको आवश्यकता छैन। तर आज हामीलाई के खाँचो छ भने आत्मिक हुनको लागि, त्यो एउटा व्यक्ति हो जसले परमेश्वरको अगाडि आफैलाई नम्र तुल्याउछ, यदि तिनीहरुसंग एक पैसा पनि छैन, र तिनीहरु भित्रको आत्मा परमेश्वरको भलाईले तृप्त नभएसम्म प्रार्थना गर्दछन् भने, र तिनीहरुको हृदयको भित्रमा एउटा पुनर्जागरणले ठाउँ लिन्छ, जसले उनीहरुको मनोभाव र वातावरणलाई उनीहरुले जिईरहेको तरिकामा परिवर्तन गर्दछ।

22 तपाईको पाउमा दुई जोडि जुत्ता नहोला, तपाईले झुत्रो लुगा लगाईको हुनसक्छ, तर तपाईको हृदयमा केहिकुराले परमेश्वरको गीत गाउदैछ। संसारको सबै पैसा भन्दा बरु मसंग यो भएको चाहन्छु।

23 त्यसैले तपाईले भन्न सक्नुहुन्न कि प्राकृतिक चिजहरु सधै परमेश्वरको आशिषको चिन्ह हो। दाऊद परमप्रभुसंग भनेका थिए कि, उनले दुष्ट फलिफाप भएको देखेका थिए...एउटा ठूलो तेजपत्ताको रुख जस्तै गरी। तर परमेश्वरले उनलाई सोध्नुभयो, “के तैले कहिल्यै अन्तमा त्यसलाई विचार गरिस्?” चाहे हामीले जत्तिसुकै राम्रो लुगा लगाएपनि, खानलाई प्रसस्त भएपनि, ती कुराहरु परमेश्वरको उपस्थितिमा जादैन। यो शरीर जसमा हामी वास गर्छौ, यो नाश भएरै जान्छ चाहे हामीले जत्तीनै यसको ख्याल राखेपनि। तर त्यो प्राण हो जुन मानिस भित्र छ, यो आत्माको अवस्था हो जुन जीवित परमेश्वरको उपस्थितिमा जान्छ।

24 तर हामीले चिजहरुलाई हल्कामा लिदछौ। हामी सोच्छौ कि केवल हामी एउटा राष्ट्र भएको ले...त्यसरी नै अहाब र सबै इस्राएलले, त्यस दिनमा, यी कुराहरुलाई हल्कामा लिएका थिए, सबै कुरा ठिक छ भनि सोचेका थिए। तिनीहरुका पूजाहरीहरु र प्रचारकहरुले तिनीहरुलाई भन्न प्रयत्न गरेका थिए, “सबै ठिकै छ। सबैकुरा राम्रै छ।” तर तिनीहरुमा एकजना थियो,

उसले गलत कुराहरुको विरुद्ध कराए, किनभने उसलाई थाहा थियो कि पवित्र परमेश्वर अपवित्र धर्मको आधुनिक प्रवृत्तिमा सन्तुष्ट हुनसक्नुहुन्न।

25 त्यसरी नै स्वर्गको परमेश्वर आज पनि उस्तै नै हुनुहुन्छ। हाम्रा सबै प्रयासहरु र ठूला कामहरु जुन हामीले गर्न कोशिष गरिरहेका छौ, परमेश्वर समक्ष रहेको समस्त पवित्र जीवनभन्दा बाहिर उहाँ कहिल्यै पनि प्रसन्न हुनसक्नुहुन्न।

26 हामीले विद्यालयहरु, मन्दिरहरु, र पवित्र स्थानहरु निर्माण गर्न सक्छौ। हाम्रो संस्थाहरु हुनसक्छ। हामीले महान् कार्यहरु गर्न सक्छौ, तर परमेश्वर तबसम्म सन्तुष्ट हुनुहुनेछैन जबसम्म मानव प्राण परमेश्वरको वेदीमा पवित्र हुदैन, र परमेश्वरको कार्यहरुको लागि पवित्र पारिदैन। र तपाईले त्यो कहिल्यै पाउनुहुने छैन।

27 तपाईले हाम्रो प्रार्थनाको सभाहरु यति कमजोर पाउनुहुन्छ, केवल एक मिनेटको प्रार्थना हुन्छ, र ओच्छ्यानमा उफ्रनुहुन्छ। लगभग दिनको एक पटक वा दुई पटक मात्र गरेको हामीले पाउछौ। जबकि हामीहरु सबैजना दोषी छौ। हाम्रो देश, नैतिक तवरले पतन भईरहेको छ। हामीसंग जताततै विल्ली ग्राहम र ओरल रोबर्ट्सहरु छन्। तर जबसम्म अमेरिकाको हृदयमा एउटा तिर्खा आउदैन, यसलाई जीवित परमेश्वरमा फेरी फर्काएर ल्याउन, एउटा जीवित अनुभवमा, जीवित परमेश्वरमा एउटा नमर्ने विश्वासमा, हामीहरु केवल हाम्रा दिमाग पिटिरहेका हुन्छन्, जस्तो यसले भनेको छ।

28 हामीले छाती फुलाएर हिड्न सक्छौ होला, हाम्रो कलरहरु कालोमा परिणत हुनेगरी, तल सडकमा हिड्छौ होला, र "डक्टर" वा "आदरणीय" भनेर बोलाईदेको चाहना राक्छौ। हामीले यस भूमीमा भएको सबै भन्दा महान् मण्डलीमा पादरी गर्छौ होला, र हामी हुनसक्नेसम्म को यति धार्मिक होलाऊ, कि कुनै पनि मानिसले हाम्रो जीवनमा औंला उठाउन सक्दैन होला। तर जबसम्म त्यो प्राण जुन हामी भित्र छ त्यो परमेश्वरको लागि ज्वलन्त छैन, जबसम्म त्यहाँ केहिकुराले उहाको तिर्सना गर्दैन! "जसरी हरिणले खोलाका पानीको तृष्णा गर्दछ, त्यसरी नै, हे परमेश्‍वर, मेरो प्राणले तपाईंको तृष्णा गर्दछ।" जबसम्म हामी त्यस प्रकारको अनुभवमा पुग्न सक्दैनौ!

29 त्यसैकारणले, साम्यवाद, र यस्तै अन्यले आधारहरु प्राप्त गर्नेछन् जस्तो तिनीहरुले अहिले गरिरहेका छन्, र हामीले गर्नसक्ने सबै सामिल

गराउने कार्यले यसलाई कहिल्यै पनि रोक्ने छैन। यो हुन आउनेछ भनि भविष्यवाणी गरिएको छ। तर परमेश्वरले आफ्नो मण्डलीलाई बोलाईरहनु भएको छ।

30 कसरी यो सानी स्त्री एलियाको क्षमता भएको हुनुपर्छ! किनभने, सामान्यतः तपाईको क्रियाले तपाई के हुनुहुन्छ भनि देखाउछ। र, फेरी, उनी परमेश्वरको अगमवक्ताको लागि सत्कारको लागि चुनिएकी थिईन्। याद गर्नुहोस्, उनी एक अन्यजाति थिईन्, एउटा यहूदी होइन।

31 र भूमि गर्मीले जलिरहेको थियो। र त्यहाँ कुनै संका छैन यी सानी स्त्री, त्यस क्षमताको भएको नाताले, विश्वासीको एउटा चित्रण भएको हुनाले... किनकि हामी देख्छौ कि परमेश्वरले उनलाई बोलाउनुहुने थिएन, यदि उनी परमेश्वरको अगमवक्तालाई सत्कार गर्नसक्ने योग्यको नभएको भए। किनकि उहाँले आफ्नो अगमवक्तालाई त्यस घरमा कहिल्यै पनि पठाउनु हुनेथिएन जुन अयोग्य थियो।

32 यो उनको चुनाव थिएन। यो परमेश्वरको चुनाव थियो। यो उनको अगमवक्तालाई आज्ञा थिएन। यो उहाँलाई परमेश्वरको आज्ञा थियो। उनलाई एउटा खोला भएको ठाउँमा राखिएको थियो। कागहरुले उनलाई खुवाउदै थियो। तर यो केहि घटना हुनको लागि परमेश्वरको आज्ञा थियो। र परमेश्वर पक्कै पनि एलियाको जस्तै प्रकृति भएको विश्वासीकोमा जानु भयो।

33 उनी एउटा विधवा स्त्री थिईन्। र हामी सबै जान्दछौ उनी, एउटा विधवा स्त्री, उनको पति मरेको र एउटा जवान केटालाई हुर्काउन कस्तो अवस्थाबाट भएर गएकी होलिन्।

34 र त्यहाँका भूमिहरुमा तिनीहरु आफ्ना बालीहरुमा निर्भर थिए। तिनीहरुसंग कुनै परियोजनाहरु थिएनन् जस्तो आज हामीहरु संग छ, र—र रक्षा संयन्त्रहरु। तिनीहरु आफ्ना बालीहरुमा निर्भर थिए। र मानिसहरुका अधर्मको, र नैतिक पतनको कारणले देशमा खडेरी ल्याएको थियो, यहाँ तिनीहरु सबै भोकले मरिरहेका थिए।

35 र त्यसपछि हामीले पाउछौ कि निसन्देह रूपमा उनले रात पछि रात, रातभरी प्रार्थना गरेकी थिईन्, जसै उनले भाँडाको पिठो तल, तल, तल घट्दै गएको देखिन्। र त्यो अवस्थासम्म पुगेको हुनुपर्छ यहाँसम्म कि त्यहाँ भाँडामा अर्को कचौरा पिठो निकाल्न समेत मिल्दैन थियो। उनी संग भएको केवल थोरै मुट्ठी थियो। मृत्यु ठिक प्रवेशद्वार, उनको ढोकासम्म आईरहेको

थियो। किनकि त्यहाँ त्यो भन्दा बढी पाउने कुनै तरिका थिएन। सम्पूर्ण देह्स नै भोकमरीमा थियो।

36 र, तेल, सानो भाँडामा केवल एक चम्मच जति मात्रै बाँकी थियो। केवल त्यत्ति मात्रै तेल र पिठो उनी र मृत्युको विचमा राखिएको थियो। उनी आफ्नो प्रार्थनाको विषयमा निश्चय नै साँचो रूपमा इमानदार भएकी हुनुपर्छ। तपाई त्यो कुराले आफ्नो घरमा प्रहार हुन दिनुहोस्, यो आज बिहान हामी जत्ति छौ त्यो भन्दा अलि बढी इमानदार हुनेछ, जब हामीलाई थाहा हुन्छ कि मृत्यु हाम्रो ढोकामै छ।

37 र म विश्वास गर्छु, हुनसक्छ, हामीले सोच्छौ, शायद, यो, कि उनले रातभरी प्रार्थना गरेकी होलिन्, एक दिनको लागि यो व्यवस्था भयो। उनले करिब तिन या चार वर्ष उमेरको केटाको ओठ पहेको भएको देख्न सक्थिन्। र उनले आफ्नै हड्डीहरु दुर्बल हुदै गएको देख्न सक्थिन् किनकि मासुहरू हड्डीबाट कमजोर हुदै जाँदै थियो। र यो एउटा डरलाग्दो कुरा भएको हुनुपर्छ, किनकि यस आमाले यी कुराहरु भईरहेको देखिरहेकी थिईन्। र, अझै, परमेश्वरको अघि हात फैलाएर, दिन र रात प्रार्थना गर्दै, "अब हामी एक मुट्ठी पिठो र एक चम्चा तेलमा छौ।"

38 तपाईलाई थाहा छ, यो एउटा अनौठो कुरा हो। परमेश्वरले यो कुरा हरेकको हृदयमा जान दिनुभएको होस्, यदि मैले फेरी प्रचार गरेको कहिल्यै तपाईले देख्नुभएन भने। यो एउटा संदेश होस्। यो अनौठो हो, सबैभन्दा अनौठो, कि कहिलेकाहि परमेश्वरले त्यस तरिकामा काम गर्नुहुन्छ।

39 तपाईलाई थाहा छ, जब हामीले आफ्नो पाप स्वीकार गर्छौं र परमेश्वरले चाहनुभएको सबै आवश्यकता पूरा गर्छौं…हामी परमेश्वरमा विश्वास गर्छौं। त्यहाँ एउटा अवस्था पूरा गर्नुपर्दछ, र यो उहाँको इच्छा अनुसार हुनुपर्छ। र हामीले हाम्रा पापहरु स्वीकार गर्यौं, र हामीले गरेका सबै गल्तिहरु सहि बनायौ, कसरी गर्ने भनि जानेका सबैकुरा सहि गर्यौं। प्रत्येक आवश्यकता जुन परमेश्वरले बनाउनुभएको छ, या माग्नुभएको छ, हामीले ती आवश्याक्ताहरु पूरा गरेका छौ, र अझै पनि उहाँ मौन रहनुहुन्छ। उहाँले विल्कुल हामीलाई उत्तर दिनुहुदैन।

40 म निश्चिन्त छु कि मा मानिसहरुसंग बोल्दै छु, यस बिहानीमा, जो त्यस ठाउँमा आएका थिए। म आफै नै त्यहाँ धेरै चोटी आएको छु। जब म वापस फर्केर गए र जीवनका पुराना कुरालाई हेरे र सबै पत्थरहरु पल्टाए, र मैले

केहि कुरा गतल गरेको छु भनि थाहा पाए, म गएर यसलाई स्वीकार गर्छु र भन्छु, "परमप्रभु परमेश्वर, म यसलाई ठिक बनाउछु," र गएर त्यसो गर्छु। त्यसपछि फेरी फर्केर आउछु र भन्छु, "अब, प्रभु, तपाई परमेश्वर हुनुहुन्छ; तपाईले मलाई जवाफ दिनुहुनेछ। निश्चय नै मैले प्रत्येक अनुरोधहरु पूरा गरे जुन तपाईले मलाई गर्नको निम्ति चाहनुहुन्थ्यो। र मैले सबै आवश्यकताहरु, पूरा गरेको छु।" र अझै पनि उहाँ कुनै जवाफ दिनुहुन्न, मौन रहेको देखिन्छ, त्यहि नै बेला हो जहाँ तपाई पक्का हुनुपर्छ कि उहाँ नै परमेश्वर हुनुहुन्छ भनि। हतास नहुनुहोस्। केवल एकमात्र कुरा यो हो कि, तपाईको हृदयमा, परमेश्वरमा निश्चित हुनुहोस्।

41 मेरो पाठ। कुनै पनि कुरा गर्नुभन्दा अघि, पहिले, निश्चित हुनुहोस्। तपाईको हृदयमा निश्चित हुनुहोस्, कि यो परमेश्वर हुनुहुन्छ। र उहाँले भन्नुभएको सबै कुरा तपाईले पूरा गर्नुभयो भने, तब तपाई निश्चित हुनुहुन्छ कि उहाँ नै परमेश्वर हुनुहुन्छ भनि, त्यहि नै हो जब विश्वासले काम गर्न जान्छ, ठिक त्यहाँ। विश्वास स्थिर रहन्छ, किनकि यसलाई थाहा छ कि उहाँ नै परमेश्वर हुनुहुन्छ।

42 र तपाईले प्रत्येक माग पूरा गर्नुभयो। तपाईले विश्वास गर्नुहुन्छ कि उहाँ परमेश्वर हुनुहुन्छ, र तपाईको विश्वास स्थिर रहन्छ। ओ! उहाको नाउँ धन्यको होस्! विश्वास अस्थिर हुदैन, किनकि यसलाई निश्चित छ कि परमेश्वर हुनुहुन्छ र उहाँलाई कर्मठतापूर्वक खोज्नेहरुलाई एउटा इनाम दिनुहुने हुनुहुन्छ।

43 यो तल गहिराईमा गएको होस् र तपाईबाट कहिल्यै नहटेको होस्, ब्रन्हाम टेबरनेकल। यदि तपाईले परमेश्वरको आवश्यकताहरु पूरा गर्नुभयो, र तपाईको हृदयमा उहाँ हुनुहुन्छ भनि विश्वास गर्नुभयो, परमेश्वरले केवल तपाईको विश्वासको जाँच गर्दै हुनुहुन्छ, किनकि उहाँले त्यसो गर्न मन पराउनुहुन्छ। तपाईले आफ्नो पापहरु स्वीकार गर्नुभयो र परमेश्वरले चाहनुभएको सबै मागहरु तपाईले पूरा गर्नुभयो, र अझै पनि उहाँ मौन रहनुहुन्छ भने, याद गर्नुहोस्, विश्वासले भन्छ कि उहाँ हुनुहुन्छ। त्यसपछि विश्वासले त्यसलाई समात्छ, यो थाहा नहुदै पनि कि यो के हो, तर यसलाई उहाँ हुनुहुन्छ भन्ने थाहा छ, र उहाँ हुनुहुन्छ भन्ने कुरामा यो निश्चित छ।

44 तब, याद गर्नुहोस्, यहि उहाँ हुनुहुन्छ, उहाँको वचन सत्य हुनुपर्दछ। र यदि उहाँले तपाईलाई यी परिस्थितिहरु पूरा गरको लागि चाहनुभयो,

र तपाईले पूरा गर्नुभयो भए, उहाँ आफ्नो वचन पूरा गर्न बाध्य हुनुहुन्छ। पछाडि नहट्नुहोस्, र भन्नुहोस्, "ठिक छ, म कहिल्यै पनि निको भईन। म..." ओ, तपाई गरिब. र कमजोर विश्वास। त्यसमा विश्वास नगर्नुहोस्। यदि सबै कुरा स्वीकार गरियो, र सबै कुरा बाहिर फालियो, र तपाईले परमेश्वरको आवश्यकता पूरा गर्नुभयो, विश्वासले ठिक त्यहाँ स्थिर रहन्छ। यसलाई हल्लाउने त्यहाँ केहि पनि हुनेछैन। उहाँ हुनुहुन्छ, र तपाई निश्चित हुनुहुन्छ। "तर परमप्रभुको प्रतिक्षा गर्नेहरूको बल फेरि नयाँ हुनेछ; तिनीहरू चिलझैँ माथि–माथि उड्नेछन्, र दगुरेर पनि तिनीहरू थाक्नेछैनन्; तिनीहरू हिँड्नेछन् तापनि मूर्च्छा पर्नेछैनन्।"

45 प्रतिक्षा गर्नुहोस्, जब तपाईले उहाँको आवश्यकताहरु पूरा गर्नुहुन्छ। त्यसले तपाईको विश्वासलाई एउटा प्रदर्शनीमा ल्याउदछ। यदि तपाईले पूरा गर्नुभएको छ भने...परमेश्वरको मागहरु बनाईयो, या पुराईयो, र तपाईले यसलाई पूर्ण रूपमा विचार गर्नुभयो, र तपाईले ती सबै कुरा गर्नुभयो जुन परमेश्वरले खोज्नुभएको थियो, तब तपाईको विश्वास ठिक त्यहि ढुक्क रहन्छ, कि उहाँ परमेश्वर हुनुहुन्छ। परमेश्वरमा निश्चित हुनुहोस्।

46 तपाईलाई थाहा छ, उहाँ हामीलाई जाँच गर्न मन पराउनुहुन्छ। उहाँले तपाईको विश्वासको प्रतिक्रिया हेर्न मन पराउनुहुन्छ। के तपाईले त्यो थाहा थियो? तपाईले कसरी प्रतिक्रिया गर्नुहुनेछ भनेर परमेश्वरले हेर्न मन पराउनुहुन्छ। जब तपाई भन्नुहुन्छ, "ओ परमप्रभु, म तपाईलाई विश्वास गर्छु। तपाई मेरो मुक्तिदाता हुनुहुन्छ। म विश्वास गर्छु कि तपाई नै चंगाईकर्ता हुनुहुन्छ। म विश्वास गर्छु कि तपाई मात्र एक हुनुहुन्छ जसले पवित्र आत्मा दिनुहुन्छ। र जे कुरा मलाई आवश्यकता भईरहेको छ, तपाई नै परमेश्वर हुनुहुन्छ जसले त्यो दिनुहुन्छ।" र त्यसपछि जब तपाईले सबै आफ्नो पापहरु स्वीकार गर्नुभयो र परमेश्वरलाई के गर्नेछु भनि प्रतिज्ञा गर्नुभयो यदि उहाँले तपाईलाई निको पार्नुहुनेछ भने, र त्यसपछि यो पूरा नभएकै कारणले, तपाई कायर जसरी कुनै अरु ठाउँ तिर भाग्नुहुन्छ। परमेश्वरले त्यो प्रयोग गर्नसक्नुहुन्न। उहाँले तपाईलाई प्रयोग गर्नको लागि त्यहाँ कुनै बाटो नै छैन। उहाँले तपाईलाई उत्तर दिनको लागि त्यहाँ कुनै बाटो नै छैन, किनभने उहाँले केवल विश्वासको माध्यमबाट मात्रै उत्तर दिनुहुन्छ। तब, अचानक, तपाई टाढा जानुहुन्छ, र उहाँले उत्तर दिनसक्नुहुन्न। तर वास्तविक, सच्चा विश्वास त्यहाँ खडा हुन्छ, यो निश्चित भएर कि परमेश्वर हुनुहुन्छ। निश्चित हुनुहोस् कि उहाँ हुनुहुन्छ।

47 यदि परमेश्वरले यी कुराहरु पूरा गर्नको लागि भन्नुहुन्छ, तपाई पापहरु स्वीकार गर्न, र अन्य यस्तै, र तपाईले यो गर्नुभएको छ, विश्वासले भन्छ कि उहाँ हुनुहुन्छ, यो निश्चित छ कि यो पूरा हुनेवाला छ। तपाईको अनुरोध प्रदान गरिनुपर्छ। ओ, म—म आशा गर्छु कि तपाईले यो छुट्टाउनु हुनेछैन। यदि तपाई परमेश्वरमा निश्चित हुनुहुन्छ, परमेश्वर उहाँको वचनमा निश्चित हुनुहुन्छ। उहाँ केवल तपाईलाई जाँच गर्नको लागि पर्खिरहनुभएको छ।

उहाँले यो धेरै पटक गर्नुभयो। आउनुहोस् एक दुईटा मामलालाई अभ्यास गरौँ।

48 आउनुहोस् हिब्रू छोराछोरीहरु लाई हेरौँ। तिनीहरुले मूर्तिलाई ढोग्नु हुन्नथियो। परमेश्वर तिनीहरुमा विश्वास्त हुनुहुन्थ्यो। र जब तिनीहरुले सुने कि तिनीहरु आगोको भट्टीमा जानुपर्छ भनेर, तिनीहरुले भने, "हाम्रो परमेश्वरले हामीलाई यस भट्टीबाट बचाउन सक्षम हुनुहुन्छ। तर यदि उहाँले यो गर्नुभएन भने, हामी तपाईको कुनै पनि मूर्तिहरुलाई ढोग्नेवाला छैनौ।" हेर्नुहोस्, तिनीहरु परमेश्वरमा पक्का र निश्चित थिए।

49 तिनीहरुलाई थाहा थियो कि उहाँ यहोवा हुनुहुन्छ। तिनीहरुलाई थाहा थियो कि उहाँले प्रार्थनाको उत्तर दिनुहुन्थ्यो। तर चाहे उहाँले तिनीहरुको मामलामा गर्नुभयो, या गर्नुभएन, यो भलाई कै निम्ति हुनुपर्थ्यो। त्यसैले तिनीहरुले केवल आफ्नो अभिव्यक्ति दिए, तिनीहरुका पापहरु स्वीकारे र मृत्युमा गए।

50 जब तिनीहरु आगोको भट्टीमा जाँदै थिए, तिनीहरुलाई थाहा थियो कि तिनीहरु निश्चित थिए, कि, यदि परमेश्वरले तिनीहरुलाई जलाउनुहुन्छ भने, उहाँले तिनीहरुलाई फेरी पनि जीवित पार्नुहुनेछ, पुनरुत्थानमा। तिनीहरु परमेश्वरमा निश्चित थिए, किनभने तिनीहरुले जान्दथे कि परमेश्वरले सबैकुरा भलाईकै निम्ति काम गर्नुहुन्छ। र जब हामी परमेश्वरमा निश्चित हुन्छौ, हामी जान्दछौ कि परमेश्वरले सबै काम हाम्रो भलाई कै लागि गर्नुहुन्छ।

51 त्यसैले, तिनीहरुले एउटा भनाई गरे। तिनीहरु निश्चित थिए, र तिनीहरु सिधै दन्केको आगोको भट्टीमा पसे। र परमेश्वरले तिनीहरुलाई त्यहाँ जान दिनुभयो; बसिरहनुभयो, तिनीहरुलाई हेर्दै। उहाँले तिनीहरुको प्रतिक्रिया हेर्न चाहनुभयो।

52 जब, राजाले भने, "तुरही बज्दा के तिमीहरु झुक्यौ?"

तिनीहरुले भने, “होइन। हामीहरु झुकेनौ।” त्यहाँ तपाईको विश्वास छ, कस्सेर समातिरहेको छ।

“ठिक छ, त्यसोभए, यदि तिमीहरुले झुकेनौ भने, के तिमीहरुलाई मेरो आदेश थाहा छ?”

“हो, हामीलाई तपाईको आदेश थाहा छ।”

“मेरो आदेश यो छ कि त्यो भट्टी पहिलेको भन्दा सात गुणा तातो पारिनेछ, र म तिमीहरुलाई थाहा फालिदिनेछु। के अब तिमीहरु झुक्न चाहन्छौ?”

“होइन। हामीले ढोग्नेछैनौ।” त्यहाँ तिनीहरुको विश्वास छ।

53 परमेश्वरले भन्नुहुन्छ, “ठिकै छ, म हेर्छु यिनीहरुले यसको बारेमा के गर्छन्। म हेर्नेछु यिनीहरुको विश्वासको के प्रतिक्रिया छ।”

54 त्यसैले तिनले भने, “तिनीहरुको हातहरु बानिदेओ, र तिनीहरुको खुट्टाहरु बाधिदेओ, र तिनीहरुलाई भट्टीमा हाल्न शुरू गर।” र तिनीहरुको अनुहारमा आगोसंग तिनीहरु भट्टीतिर गए। परमेश्वर अझै पनि उभेर, यसलाई हेर्दैहुनुहुन्थ्यो। तर तिनीहरु निश्चित थिए कि उहाँ नै परमेश्वर हुनुहुन्छ भनि। तिनीहरुले आफ्नो कबूली गरेका थिए। तिनीहरुले जानेका सबैकुराहरु तिनीहरुले ठिक बनाएका थिए। उहाँ परमेश्वर हुनुहुन्छ भन्ने कुरामा तिनीहरु निश्चित थिए।

55 त्यसैले तिनीहरु सिधै त्यस आगोको भट्टीमा गए। ठिक अन्तिम क्षणमा, उहाँ स्वर्गहरुबाट सवार हुदै, एउटा बतासको रथमा आउनुहुन्छ, तिनीहरुलाई सान्त्वना दिदै र कुरा गर्दैगर्दा तिनीहरुबाट हावाको झोका फाल्नुहुन्छ।

56 परमेश्वरले तपाईको विश्वास्वलाई त्यस बिन्दुमा आउन दिनुहुन्छ जहाँ यसले प्रतिक्रिया गर्छ।

57 पुरानो नियममा त्यहाँ अय्यूब थियो, जब हामीलाई दोष लगाउने, शैतानले उनलाई एउटा गोप्य पापी भएको भनि दोष लगाए। तर अय्यूबलाई थाहा थियो कि उनले पाप गरेका थिएनन् भनि। उनलाई थाहा थियो कि उनले गरेका सबैकुराहरु स्वीकार गरेका छन्, र होमबलि पनि चढाएका छन्। त्यो परमेश्वरको आवश्यकता थियो। त्यो सबै थियो जुन परमेश्वरलाई

चाहिन्थ्यो, त्यो होमबलि र पाप स्वीकारोक्ति। र अय्यूबले ती कुराहरु गरेका थिए।

58 र शैतानले भन्यो, “म त्यसको ऊँटहरु लिनेछु, किनकि उनी एउटा धनी मानिस हुन्। म उसको भेडा लिनेछु।” र अन्तमा त्यसले उनको बच्चाहरुलाई लिए, जो उनको हृदयको सबैभन्दा नजिक थियो।

59 अझै पनि, अय्यूब समयोचित रहे, किनकि उनलाई थाहा थियो कि परमेश्वर, उनी निश्चित थिए कि उहाँ परमेश्वर हुनुहुन्छ भनि, किनकि उनले उहाँसंग बोलेका थिए, र उनले उहाँको मागहरु पूरा गरेका थिए। उनले तल खोजे र पाए कि, “मैले सबै होमबलि चढाएको छु। मैले मेरो हृदयमा भनेको छ, ‘शायद जब मेरो छोराहरुले एउटा—एउटा भोज दिए, र मेरा छोरीहरु उपस्थित भए, शायद हुनसक्छ तिनीहरुले गोप्य रूपमा आफ्नो हृदयमा पाप गरेका थिए, त्यसैले म तिनीहरुबाट एउटा होमबलि चढाउनेछु र तिनीहरुको गल्तिको स्वीकार गर्नेछु।’”

60 ओ परमेश्वर! जब एउटा व्यक्तिले परमेश्वर गर् भन्नुभए बमोजिम पूरा गर्छ, ऊ निश्चय छ कि उहाँ परमेश्वर हुनुहुन्छ, उहाँले उत्तर नै दिनुपर्छ। विश्वासले हरेक पटक उहाँलाई दृश्यमा बोलाउँदछ।

61 जब जे सहि छ भनि तपाईले जानेको कुरा तपाईले गर्नुभएको छ, जब तपाईले उहाँको माग पूरा गर्नुभएको छ, जब तपाईले स्वीकार गर्नुभएको छ र सहि बनाउनुभएको छ, र प्रायश्चित गर्नुभएको छ, र यसलाई परमेश्वर समक्ष राख्नुभएको छ। मलाई मतलब छैन कि उहाँ कति मौन हुनुहुन्छ, उहाँ अझै पनि परमेश्वर हुनुहुन्छ, त्यहाँ त्यो विश्वास राख्न प्रतिक्षा गरि रहनुभएको छ। तपाईले तपाईको काम गर्नुभयो, अब उहाँले तपाईको कामद्वारा तपाईको विश्वास हेर्न चाहनुहुन्छ। तपाईले के गर्नुहुनेछ भनि उहाँले हेर्न चाहनुहुन्छ।

62 यदि तपाई अभिषेक गरिएको हुनुहुन्छ र तपाईको निम्ति प्रार्थना गरिएको छ भने, तपाईले यसको बारेमा के विश्वास गर्नुहुन्छ भनि परमेश्वरले हेर्नलाई पर्खिरहनु भएको छ। र अर्को आईतबार यस शहरबाट भएर आएको चंगाईकर्ताको लागि, अर्को आईतबार नभाग्नुहोस्, र भोलि पल्ट भागदौड नगर्नुहोस्। उहाँ तपाईको विश्वास प्रति तपाईको प्रतिक्रिया हेर्नलाई प्रतिक्षा गर्दै हुनुहुन्छ। अर्को दिन पछाडि गएर यो नभन्नुहोस्, “मलाई कस्तो नराम्रो लागेको छ, मलाई लाग्दैन कि म निको भएको छु।” पहिलो त तपाई प्रार्थनाको पंक्तिमा रहनको लागि उचित हुनुहुन्न। तपाई हुनुहुन्न। तपाई

हुनुहुन्न। तपाई अझै पनि तयार हुनुहुन्न। तपाई विश्वास गर्नुहुन्न कि उहाँ परमेश्वर हुनुहुन्छ भनि। मलाई गर्दिन...

63 तपाईले भन्नुहोला, “भाई ब्रन्हाम, म तपाईसंग असहमत छु।” तपाईको आफ्नै कामले तपाई के हुनुहुन्छ भनि प्रमाणित गर्छ। “तिनीहरुको फलद्वारा तिमीहरुले तिनीहरुलाई चिन्नेछौ।” यदि एउटा मानिसले आफूलाई हुँ भन्छ, र उसले अझै पनि रक्सि पिउछ, धुम्रपान गर्छ, र जूवा खेल्छ, र फोहोर ठट्टा गर्छ, र भन्छ, “बाईबलको अंश सहि छ, र केहि अंश सहि छैन,” उनले सुसमाचार पनि प्रचार गर्ला, र बाईबलको हिस्सा अस्विकार पनि गर्ला, ऊ अझै पनि एउटा पापी हो। ऊ अझैसम्म सहि छैन।

64 तर जब तपाई खुलेआम स्वीकार गर्नुहुन्छ कि परमेश्वर उही परमेश्वर हुनुहुन्छ, र तपाईको जीवन उहाँकै हातमा सुम्पिएको छ, यो हुनको लागि, “परमप्रभु, म तपाईको माटो हुँ; तपाई कुमाले हुनुहुन्छ,” तब तपाई के माग्नुहुन्छ माग्नुहोस्। विश्वास कहिल्यै पनि ढलपल हुदैन। यो ठिक त्यहाँ खडा हुनेछ।

65 यद्धपि परिस्थितिहरु दायाँ देखि बायाँमा झर्छन् जस्तो देखिन्छ, तल त्यो विश्वास कहिल्यै पनि हल्लिदैन, किनभने उहाँ परमेश्वर हुनुहुन्छ भन्ने कुरामा तपाई निश्चय हुनुहुन्छ। र यदि उहाँ परमेश्वर हुनुहुन्छ भने, उहाँले आफ्नो प्रतिज्ञा पूरा गर्नुहुन्छ। उहाँले एउटा प्रतिज्ञा गरेर यसलाई तोड्न सक्नुहुन्न। यदि उहाँ परमेश्वर हुनुहुन्छ भने उहाँले आफ्नो प्रतिज्ञा पूरा गर्नुपर्दछ। ओ, मलाई त्यो मन पर्छ। उहाँ यो संगै बस्नु नै पर्छ।

66 अय्यूबले आफ्ना भेटिहरु चढाए; उनले सबै कुरा गरे। उनलाई थाहा थियो कि उनी सहि थिए भनि। र यहाँनिर मण्डलीको सदस्यहरु आउँछन्, केहि अन्य नामधारी मण्डलीकाहरु, भने, “अय्यूब, तिमी एउटा पापी हौ भनेर स्वीकार गर्न सक्छौ, किनकि तिमी एउटा पापी नभएसम्म परमेश्वरले तिमीलाई यसरी सजाय दिनुहुन्न थियो।”

67 तर अय्यूबले भने, “मैले मेरो स्वीकारोक्ति गरेको छु। मैले परमेश्वरको अगाडि होमबलि चढाएको छु, र म एउटा पापी होइन।” उनलाई थाहा थियो कि उनी कहाँ उभिरहेका छन् भनि। त्यसपछि सबैकुरा चलिरहेको थियो, विल्कुल त्यसरी नै लगातार गईरह्यो, जति कठिन त्यो हुनसक्थ्यो त्यो हुदै गयो, अय्यूबलाई गिराउन प्रयास गर्दै, र अय्यूबलाई त्यो एउटा ठाउँमा ल्याउनको लागि कि जहाँ उनले परमेश्वरलाई अस्विकार गर्नेछन्

र होमबलिलाई पनि अस्विकार गर्नेछन्। तपाईले स्विकार्नुभएको कुनै पनि कुराको लागि ठिक त्यहि मिनेटमा तपाईले पालन गर्न थाल्नुभयो भने, यसले तपाईको कमजोरी, परमेश्वर प्रति तपाईको संका देखाउछ। तपाईले परमेश्वरलाई केहि पनि कुरा माग्नुहोस्, र यसलाई संका गरेर हिड्नुहोस्, तब एउटा सक्ना गर्ने व्यक्ति हुनुहुन्छ र एक विश्वासी होइन।

68 अय्यूबलाई थाहा थियो उनी कहाँ खडा छन् भनि, र त्यस जगमा अडिग रहे।

69 यसमा अचम्म मान्नुपर्दैन कि पेरोनेटले आफ्नो मर्ने घडीमा भनेका थिए:

> ख्रीष्ट, ठोस चट्टानमा, म खडा छु;
> सबै अरु मैदान डुब्दै गरेको बालुवा हो।

70 अय्यूबको स्वीकारोक्तिको त्यो ठोस चट्टानमा, यहाँसम्म कि उनकी प्रिय पत्नीले पनि छाडेर गईन्। जब उनको स्वास्थ्य कमजोर भयो, र फोका उनको शरीर भरि थियो, र उसले आफैलाई धिक्कार्यो र उनी जन्मेको दिनलाई सरापे। भने, “घाम पनि उज्यालो नहोस्! र रातमा चन्द्रमा नबलोस्।”

उनको पत्नीले भनिन्, “अय्यूब, तपाई दयनीय हुनुहुन्छ। तिमी परमेश्वरलाई सरापेर किन मार्दैनौ?”

71 उनले भने, “तिमी एक मूर्ख आइमाईजस्तै कुरा गर्दछ्यौ।” उनी निश्चित थिए त्यहाँ एउटा परमेश्वर हुनुहुन्छ भनि, र उनले आवश्यकताहरु पूरा गरेका थिए। ओ, म धार्मिक महसूस गर्दछु। उनलाई थाहा थियो कि उनले परमेश्वरको आवश्यकताहरु पूरा गरेका थिए, र त्यो नै काफि थियो। परमेश्वरले उनको विश्वास लाई जाँच गर्दै हुनुहुन्थ्यो। उहाँले तपाईको पनि परीक्षा लिनुहुनेछ। उहाँले मेरो पनि लिनुहुनेछ।

72 तर जब हामीले उहाँको आवश्यकताहरु पूरा गर्छौं, “पश्चात्ताप गर, र तिमीहरूका पाप–क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ।” त्यो उहाँको प्रतिज्ञा हो। “तपाईहरु मध्ये कोहि बिमार हुनुहुन्छ, उसले मण्डलीका एल्डरहरुलाई बोलावोस्। उनीहरुले तेलले अभिषेक गरियोस्, र प्रार्थना गरिदियोस्। विश्वासको प्रार्थनाले विरामीहरुलाई बचाउनेछ, र परमेश्वरले तिनीहरुलाई उठाउनुहुनेछ।” त्यसले पूर्ण गराउछ। “एक अर्कामा

आफ्ना गल्तिहरु स्वीकार गर्नुहोस्, र एकले अर्काको निम्ति प्रार्थना गर्नुहोस्।" तपाईले परमेश्वरको आवश्यकताहरु त्यहाँ पूरा गर्नुभयो।

73 "विश्वास गर्नेहरुमा यी चिन्हहरु हुनेछ। मेरो नाउँमा तिनीहरुले भूतहरु भगाउनेछन्; तिनीहरुले अन्यभाषाहरुमा बोल्नेछन्; यदि तिमीहरुले सर्पलाई लियौ या विषालु चिजहरु पियौ भने पनि, त्यसले तिमीहरुको नोक्सानी गर्नेछैन; यदि तिनीहरुले विरामीहरु माथि आफ्नाहातहरु राखे भने, तिनीहरु निको हुनेछन्।" त्यहि नै काफि छ।

74 परमेश्वरमा निश्चित हुनुहोस्। पक्का हुनुहोस्, कि तपाईको हृदयमा, कि त्यो परमेश्वरको वचन हो भने विश्वास गर्नुहोस्। अय्यूब निर्धक्क थिए।

उनको श्रीमतीले भनिन्, "तपाई किन उहाँलाई सरापेर मर्नुहुदैन? किन, तपाई हरसमय झन् विजोग हुदै जानु भईरहेको छ।"

75 शैतानले त्यस्ता कुराले तपाईलाई प्रहार गर्न कति मन पराउछ। "किन, तपाई अभिषेक भएको बेला देखि अहिले सम्म केहि फरक नै आको छैन। तपाईको लागि त्यस प्रचारकहरुले प्रार्थना गरेको समयदेखि तपाईमा कुनै उन्नति नै भएको छैन। पहिलो त ती प्रचारकहरु नै सहि छैन।" ती प्रचारहरुको विषयले कुनै फरक नै पार्दैन। यो त जीवित परमेश्वरमा तपाईको विश्वास हो, जसले जोड्छ। प्रचार के हो भन्ने कुरा होइन, यो त परमेश्वर चाहि के हुनुहुन्छ भन्ने कुरा हो। प्रचारकले कहिल्यै पनि प्रतिज्ञा गरेको थिएन; परमेश्वरले प्रतिज्ञा गर्नुभयो। यो प्रचारकसंग सम्बन्धित होइन; यो परमेश्वरमा हो, र त्यो परमेश्वर हुनुहुन्छ भन्ने विश्वासमा तपाईको आस्था हो। त्यसैले परमेश्वरमा निश्चित हुनुहोस्। यो परमेश्वर हुनुहुन्छ भन्ने कुरामा निश्चित हुनुहोस्, र त्यो परमेश्वरको वचन हो। र परमेश्वर उहाँको वचनमा हुनुहुन्छ।

76 र अय्यूबले भने, "तिमी एक मूर्ख आइमाईजस्तै कुरा गर्दछयौ।" भने, "परमप्रभुले नै दिनुभयो, र परमप्रभुले नै लानुभयो; परमप्रभुको नाउँ धन्यको होस्।" त्यहाँ परमेश्वर हुनुहुन्छ भन्ने कुरामा उनी निश्चित थिए।

77 र जब उनले ती कुरा आफ्नो मुखबाट निकाले, मेघगर्जन गर्जिन थाल्यो र बिजुली चम्कन थाल्यो। परमेश्वर त्यस परिदृश्यमा चहलपहल गर्नुभयो। यसले सधै परमेश्वरलाई दृश्यमा बोलाउँदछ। उहाँ लामो समयसम्म चुप भई बस्नुभयो।

78 त्यहि नै हो जुन उहाँले गरिरहनुभएको छ। यी नरक–बन्धनमा भएका अमेरिकी झुण्डहरुलाई हेर, मण्डली जाने पाखण्डीहरु। म रिसाएको छैन। तर पापले त्यो कसैलाई पनि रिस उठाउछ, जो परमेश्वरसंग सहि दिशामा छ। देशसंग रिसाएको होइन, मानिसहरुसंग रिसाएको होइन। तर म शैतानसंग रिसाएको छु जसले मानिसहरुलाई अन्धा बनाउन यी कुराहरु गरायो।

79 यी अन्धा पाष्टर र प्रचारकहरुले ततिनीहरुलाई एउटा सानो मानव–निर्मित धार्मिक सिद्धान्तसंग जान दियो। तपाई फेरी नया गरी जन्मनु पर्छ। र परमेश्वरले आफ्नो वचन राख्नुहुन्छ। त्यसले तिनीहरुलाई सुस्त पारिरहेको कुरामा त्यसलाई हेर्दैहुनुहुन्छ। त्यहाँ परमेश्वर हुनुहुन्छ भन्ने कुरामा निश्चित भएको बेस हुन्छ। "इश्वरत्वको रुप धारण गर्ने, र यसको शक्तिलाई चाहि इन्कार गर्ने।"

80 यो गरिब, सानो आईमाई, उनलाई थाहा थियो कि उहाँ परमेश्वर हुनुहुन्छ भनि। जसै त्यो भाडामा खाना तल झर्दै, तल, तल, तल गयो, हरेक चोटी परिस्थिति झनै खराब र खराब हुदै गयो। तर परमेश्वरले यसलाई त्यहि तरिकामा नै हुन दिनुभयो। उहाँले त्यसो गर्न मन पराउनुहुन्छ। उहाँले तपाईको विश्वासलाई एउटा परीक्षामा राख्न मन पराउनुहुन्छ, यो हेर्नको लागि कि तिनीहरुले यसमा कस्तो व्यवहार देखाउनेछन्, तपाईको निम्ति अभिषेक हुन र प्रार्थना गर्न दिनुहुन्छ, त्यसपछि झन् खराब बनाउनुहुन्छ। भन्नुभयो, "आईज, शैतान, यसलाई परीक्षामा पार्। मलाई थाहा छ यसले मलाई विश्वास गर्छ।" परमेश्वरलाई सधै आशिष होस्! ओ, प्रभु! "यसलाई अहिले एउटा परीक्षामा पार्। मलाई थाहा छ कि यसले मेरो वचनलाई विश्वास गरेको छ।" के उहाँले तपाईको लागि यसो भन्न सक्नुहुन्छ?

81 उहाँले त्यो अय्यूबको लागि भन्नुभयो। भन्नुभयो, "तैले चाहेको जे पनि गर् त्यसलाई, तर तैले त्यसको जीवन लिनेछैनस्, किनकि मलाई त्यहाँ छ कि यसले मलाई प्रेम गर्छ। त्यसले होमबलि चढाएको छ। त्यसले माग पूरा गेरको छ। मैले गर् भनेको कुरा त्यसले गरेको छ, र त्यसले यो विश्वास गर्छ। अब तैले चाहे अनुसार त्यसलाई कोइलाहरुमा पारेर लानसक्छस्।" त्यसले ऊ बाट सबैकुरा छिन्यो। जब उहाँले दिनुभयो परमेश्वरले दोब्बर रुपमा यसलाई फर्काउनुभयो। निश्चय नै, उहाँले दिनुहुनेछ।

82 उहाँले हाम्रो विश्वासलाई एउटा परीक्षामा राख्नुहुन्छ, यो हेर्नको लागि कि यदि हामीले उहाँ परमेश्वर हुनुहुन्छ भनि वास्तवमै विश्वास गर्छौं।

83 त्यस सानी स्त्री, कुनै संका छैन, भनिन्, “मैले प्रार्थना गरे। मैले प्रार्थना गरे। मलाई थाहा छ कि म अयोग्य अन्याजाती हुँ।”

84 याद गर्नुहोस्, येशूले उनको विषयमा बाईबलमा बोल्नुभएको छ। उहाँले भन्नुभयो, “के एलियाको समयमा त्यहाँ धेरै विधवाहरु थिएनन् र? तर उनलाई केवल एउटा विधवाकोमा पठाईयो, र उनी एउटा अन्यजाती थिईन्।”

85 “ओ,” उहाँले भन्नुभयो, “म प्रार्थना गर्छु।” हुनसक्छ, जब उनले त्यो अन्तिम सानो रोटि देखिन्, मृत्यु मूल द्वारबाट प्रवेश गर्यो र ढोकामा आयो। अर्को एकपटक टोक्यो कि, रोटिको एक भाग, र उनी र उनको छोरा त्यहि मृत्यु हुन्छ। म उनलाई देख्नसक्छु, रातभर, प्रार्थना गरिरहेको, तातो हावा बग्दैछ, र पृथ्वी सुक्खा थियो, र मानिसहरु सडकहरुमा रुदै र चिच्याउदै थिए। उनी घरको वरपर हिडिन्। उनले आफ्नो छोरालाई हेरिन्। त्यसको सानो सुरुवालमा हेरिन्; त्यो सबै फाटेको थियो, र उनको खुट्टा टासिरहेको थियो। उनको आफ्नै हातलाई हेरिन्, चाउरिएको थियो। उनी अगाडि पछाडि हिडिन्, तर उनले भनिन्, “मलाई थाहा छ कि उहाँ परमेश्वर हुनुहुन्छ। मैले मेरा सबै पापहरु स्वीकार गरेको छु। उहाँले चाहनुभएको सबै कुरा मैले गरेकी छु। उहाँको महिमाको लागि म हाम्रो जीवन मागिरहेको छु।” परमेश्वरले उनलाई देख्नुभयो।

86 अन्य बाकिहरु बाहिर गएर कुनै ठाउँमा आफैलाई सुन्दर बनाई एउटा ठूलो नृत्य गर्दै थिए, आधुनिक टेलिभिजन कार्यक्रम वा अन्य केहि, संसारको ढाँचामा बस्दै थिए। तर त्यस महिला परमेश्वरसंग एक्लै थिईन्।

87 दिउसोको उज्यालो शुरू भयो। उनले भनिन्, “यो सानो बच्चाले केहि खानेकुराको लागि रातभारी रह्यो। एउटा सानो मुट्ठीभरको पिठोले म के गर्न सक्छु र?”

88 तपाईलाई थाहा छ, त्यो खाना ख्रीष्ट हुनहुन्थ्यो। कुनै पनि बाईबलको विद्यार्थीलाई थाँहा छ कि ख्रीष्ट अन्न–भेटी हुनुहुन्थ्यो। र त्यो अन्नबलि पनि एक विशेष खालको बिजकोष सहित तबसम्म पिस्न पर्थ्यो जबसम्म यसले मकैको प्रठेमा सानो टुक्रामा त्यहि तरिकामा काट्दैन थियो; किनभने येशू ख्रीष्ट हिजो, आज सदासर्वदा एकसमान हुनुहुन्छ। र हरेक विश्वासीले विश्वास गर्छ र यसैमा रहन्छ। हाल्लेलुयाह! तपाई आफूले चाहनुभएको सबै पुरानो, चिसो देखावटी धर्म राख्न सक्नुहुन्छ। मेरो लागि, म विश्वास गर्छु कि ख्रीष्ट

येशू हिजो, आज र सदासर्वदा एक समान हुनुहुन्छ। म अविश्वासीहरुको संसारमा मेरो पक्ष यसमा राख्दछु। म अझै पनि विश्वास गर्दछु कि उहाँ हिजो, आज, र सधैंभरी समान हुनुहुन्छ।

89 ती बिजकोषले हरेक भागलाई एकसमानले काट्दछ, किनभने उहाँ समान हुनुहुन्छ। उहाँ उही परमेश्वर हुनुहुन्छ जो उहाँ पहिले हुनुहुन्थ्यो, उहाँ ठिक अहिले हुनुहुन्छ, आज बिहन। उहाँ सधै समान हुनुहुनेछ। त्यहि नै खानाको अर्थ हो।

90 र तेलको अर्थ हो आत्मा, जस्तो हामीलाई इजिकिएल ४ अनुसार थाहा छ, र त्यसतै। त्यहि नै कारण हो हामीले तेलले अभिषेक गर्छौं; यो आत्मा हो। यो के हो? सन्त यूहन्ना ४ को अनुसार, "पितालले त्यस्तालाई खोज्नुहुन्छ जसले उहाँलाई आत्मा र सत्यतामा आराधना गर्दछ।" येशू सत्य हुनुहुन्थ्यो। उहाँ अन्न बलि हुनुहुन्थ्यो, र यो तेल आत्मा थियो। र आत्मा सत्यतासंग मिसिएको, त्यसले केहि कुरा ल्याउनु पर्छ। त्यो दुईटालाई संगै राख्नुहोस्, यसले एउटा रोटि बनाउछ। ओ!

91 तपाईको विश्वास कहाँ छ? जब परमेश्वरको वचन यसको सरलतामा प्रचार गरियो, यद्धपि यसको शक्तिमा गरियो, त्यो येशू हिजो, आज र सधैंभरी समान हुनुहुन्छ, र वचन पिठोको लागि जान्छ, र यससंग मिसाउनको लागि तपाईले तेल पाउनु भएको छ। यो केवल थोरै मुट्ठीभर, या एक चम्चा छ होला, तर, यो जे केहि भएपनि, यो वास्तविक हो।

92 अब यो के को लागि तयार छ? यो क्रूसको लागि तयार छ। यो आत्मा–बलिदानको निम्ति तयार छ। त्यहि नै हो जे तपाईले गर्नुपर्छ। यदि वचन प्रचार गरिएको छ, र तपाईले आत्मा पाउनुभएको छ र यो संगै मिसिएको छ, प्रत्येक दुखाई र हरेक बिमारलाई इन्कार गर्न, परमेश्वरको वचनको विपरित सबैकुरालाई इन्कार गर्न र यसमा खडा हुन यो आत्म–बलिदान हो।

93 चिकित्सकले *यो, त्यो* या *अन्य;* भन्छ जसले केहि पनि फरक पर्दैन। तपाई यसमा उभिनुहोस्, किनभने परमेश्वरले त्यसो भन्नुभएको छ। पिठो आउछ। तपाईसंग तेल छ। तपाई यसलाई संगै मिसाउनुहोस्।

94 अब, म एउटा आवाज सुन्छु। यो दिनको उज्यालोको केहि मात्रै पछाडि हो। एउटा आवाजले बोल्छ, र भन्यो, "बाहिर आँगनमा जाउँ र दुईवटा लाठीहरु लिउ।" के तपाईले ध्यान दिनुभयो, कि धर्मशास्त्रले भन्छ "दुईटा लाठी?" क्रूस। उनीसंग पिठो छ र तेल छ, अब उनलाई केहि कार्य अहिले

गर्नको लागी भनिन्छ, यससंग काम गर्नको लागि। जति तिमीसंग छ, जति पिठो या तेल जति तिमीलाई चाहिन्छ, तर तिमीले केहि कार्य गर्न पर्नेछ; आत्म–बलिदान।

95 दुईटा लाठी। पुरानो समयहरुमा तिनीहरुले आगो बाल्नको कुनै राम्रो तरिका नै भेट्टाएनन्। जब तपाईले एउटा लाठी लिनुहुन्छ र यसलाई त्यो लाठीमा राख्नुहुन्छ, र बिचमा बाल्नुहुन्छ, तपाईले दुईटै टुप्पामा बाल्नुहुन्छ। इन्डियनहरुले तिनीहरुको आगो जलाउथे। मैले यसलाई जलाएको छु, धेरै पतन, रातभर। केवल एउटा मुडा लिनुहोस्, र यो *यस* तरिकामा, र अर्को *त्यस* तरिकामा, र यो जल्दै गर्दा आगो तिर धकाल्दै जानुहोस्।

96 त्यो लाठि क्रूस थियो। "दुईटा लाठी," बाईबले भनेको छ। आवाजले भन्यो, "आँगनमा भएर जाऊँ र दुईटा लाठी लिउ।" त्यहि समयमा, पहाडमा, त्यहाँ अगमवक्तालाई तल एउटा आवाज गर्ज्यो र भन्यो, "शहरमा जाऊ। मैले आदेश दिएको छु।" ओ, प्रभु! दुवैजनाले आज्ञा पालन गरे। केहि हुन पर्नेछ। दुवैजनाले आज्ञा पालन गर्दैछन्।

97 यदि प्रचारकले वचन प्रचार गर्छ, र मानिसले यसलाई ग्रहण गर्छ, यसलाई विश्वास गर्छ र यो अनुसार काम गर्छ, केहि कुरा हुन आउन पर्नेहुन्छ। यदि तपाई एउटा पापी हुनुहुन्छ, तपाई बचाईनु पर्छ। यदि तपाई बिमार हुनुहुन्छ भने, तपाई निको पारिनुपर्छ, किनभने परमेश्वरले यसलाई प्रतिज्ञा गर्नुभएको छ, यदि हामी परमेश्वरमा निश्चित छौ भने।

98 जत्ति निश्चित उहाँ परमेश्वर हुनुहुन्छ, उहाँले आफ्नो वचन पूरा गर्नुपर्दछ। निश्चित रूपमा! त्यसो हो भने आज्ञा यो थियो, "शहरमा जाऊ, किनकि मैले एउटा विधवा स्त्रीलाई आज्ञा गरेको छु।" अगमवक्ता सामु एउटा दर्शन भयो। यहाँ उनी आउछन्, हिड्दै। उनलाई थाहा छैन उनी कहाँ जादैछन् भनि; त्यसले केहि फरक पनि पार्दैन। उनी केवल आज्ञा पालन गरिरहेका छन्।

99 उनलाई थाहा छैन लाठीहरु कहाँ राखिएको छ, तर त्यहाँ दुईटा लाठी आँगनको कुनै ठाउँतिर छ। उनी खोज्न थाल्छिन्। उनी बाहिर आँगनमा जान्छिन्। उनले चारैतिर हेर्छिन्, "ओ, कति तातो!" शहरबाट कराहेको आवाज, रातिका जडियाहरु त्यहाँ आईरहेका थिए, झगडा गर्दै, तिनीहरुको रक्सीहरु पिउदै र यस्तै अन्य। उनी तल सडकमा हेर्छिन्। उनले केहि पनि देख्दिनन्। उनले एउटा लाठी पाउछिन्; क्रूसको एउटा हिस्सा, आत्म–

बलिदान। उनले अर्को हिस्सा एउटा लाठी भेट्टाउछिन्। र जब उनले त्यो दोस्रो लाठी टिपिन्...

100 ओ, कति विषादपूर्ण यो भएको हुनुपर्छ, मृत्यु ढोकानिरै बसिरहेको थियो। उनी र उनको छोराले एउटा सानो भागको रोटि खाएर मर्न पर्नेथियो। त्यो नै सबै थियो। र कुनैबेला, निराशाको विचमा, हामीले आवाज सुन्छौ।

101 जब उनले दोस्रो लाठी टिपिन् र शुरू गर्न थालिन्, त्यहाँ मूलद्वारमा एउटा आवाज आयो, भन्यो, "मलाई एउटा भाँडामा थोरै पानी ल्याईदिनुहोस्।"

102 पिठो र तेल मिसाएर तयार पारिएको आवस्थामा, यी दुई लाठी हातमा लिई, उनी हेर्नको लागि पछाडि पर्किईन्। उनले भनिन् उनले यो तयार पारिरकेकी छिन्, र यसलाई संगै मिसाएकी छिन्। त्यहि नै हो, कि वचन र पवित्र आत्मा, संगै मिसिनु पर्दछ। तपाईले माग्नुभएको कुनै पनि कुराको विपरितमा आउनेलाई इन्कार गर्न, आत्म–बलिदानको रूसमा राख्नुहोस्। त्यो ठिक हो। "मैले यसलाई मिसाए, म यी लाठीहरु पाउने नै छु।"

र त्यो आवाजले भन्यो, "मलाई एउटा भाँडामा थोरै पानीको ल्याईदेउ।"

103 उनले हेरिन्, र उनले एउटा मान्छे त्यहाँ उभिरहेको, प्रवेशद्वारामा अडेस लगाएर बसिरहेको, पातलो गाला भएको, दाह्री, तालु, प्रवेशद्वार तर्फ हेर्दै, भेडाको छालाको पुरानो टुक्रासंगै शरीर वरपर लपेटिएको। मान्छे लाई देखिन्, हेर्दा यस्तो देखिन्थ्यो कि उनी एक प्रकारको दयालु जस्तो देखिने वृद्ध बलादमी थिए।

104 उनले भनिन्, "म मेरो पानी उहाँलाई बाड्ने छु।" जीवनको पानी, तपाई जो कोहीलाई दिन, कसैलाई बताउन, कहिँ पनि जान तयार हुनुहुन्छ। "एक क्षण, महोदय।" उनले पछाडि शुरू गर्छिन्, हातमा लाठी लिएर।

105 र फेरी आवाज गर्जन भयो, "तिमीले आफ्नो पानी मात्रै नबाड, तर मेरो लागि तिम्रो हातमा सानो रोटिको टुक्रा ल्याऊ।" जीवनको रोटि; जीवनको पानी! के त्यो जीवनको थियो? जसै त्यो नाश हुन्थ्यो उनी मर्ने थिईन्। "मलाई तिम्रो पानी र तिम्रो रोटि ल्याऊ।"

106 हामीले यहाँ के पाउँछौ? के पाठ हामीले पाउँछौ? "परमेश्वरले राज्य र धार्मिकता पहिले खोजी गर, र तिम्रो निम्ति अरु कुरा थपिनेछ।"

"मलाई थोरै पानी र एउटा रोटिको टुक्रा ल्याऊ।"

107 तब उनी उनी उदास हुन्छिन्। म उनले भनेको सुन्न सक्छु, "महोदय," केहि यस्तै कुरा, "तपाई मैले देखेको मानिसहरु भन्दा फरक हुनुहुन्छ, र जसले बोलेको मैले सुनेकोछु। तपाईले भनिरहनु भएको कुरामा तपाई यति सकरात्मक हुनुहुन्छ जस्तो देख्निछ। तर म थोरै मात्र पिठो छ, केवल एक मुट्ठी, र मात्र एक चम्चा तेल छ। मैले यसलाई तयार पारेको छु, र म यसलाई यी दुइटा लाठीको मद्धतले पकाउनेछु। र म यो खानेछु, म र मेरो छोरा, र मर्नेछौ। म संग यति मात्रै छ।"

108 हामीले के सुन्छौ, त्यसपछि अर्को? "तर पहिले मेरो लागि एउटा सानो रोटि ल्याऊ।" परमेश्वर, पहिलो। अरूले जे सुकै भनून् त्यसले फरक पार्दैन, अरु जे सुकै होला, अरु केहि प्रमाण किन नहोस्, जति नै विषादपूर्ण त्यो किन नदेखियोस्, यो जे केहि होस्, परमेश्वरलाई पहिलो लिनुहोस्। उहाँको वचन पहिला।

109 "चिकित्सकले भनेका छन् कि म निको हुनसक्दिन।" तर, उहाँको वचन, पहिलो राख्नुहोस्। "म एकदम धेरै पापी छु। म एउटा वेश्या हुँ। म एउटा जुवाडे हुँ। म एउटा जडिया हुँ।"

परमेश्वरको वचन पहिलोमा राख्नुहोस्। "तिम्रा पापहरु सिन्दूर जस्तो रातो भए तापनि, हिउ जस्तो सेतो भई पखालिनेछ; गाढा रातो भए पनि, ती ऊन जस्तै सेतो हुनेछन्।" पहिलो, परमेश्वर।

110 "जाऊ, मेरो लागि एउटा सानो रोटि ल्याऊ, पहिलो। तिमीसंग भएका सबै म कहाँ ल्याऊ।" के तपाई यो उहाँको हातमा दिन तयार हुनुहुन्छ?

111 मेरो जीवन, म जो छु त्यो सबै। म पचास वर्षको भए। "के तिमी चाहन्छौ, विलियम ब्रन्हाम, यो ममा राख्न? के तपाईहरु चाहनुहुन्छ, तपाई साना नानीहरु, तिम्रो जीवन मलाई दिन तयार छौ? के तपाई इच्छुक हुनुहुन्छ? के तपाईले यो गर्नसक्नुहुन्छ, बिरामी व्यक्तिहरु? के तपाईले मलाई विश्वास गर्नसक्नुहुन्छ? मलाई पहिलो राख।"

112 "मलाई तिम्रो हातमा रोटिको टुक्रा ल्याऊ, र मलाई थोरै पानी देऊ।" महिलाले उनलाई हेरिन्। उनलाई केहि कुरा भनिएको थियो कि त्यो मान्छेलाई थाहा थियो कि उनले के कुरा गरिरहेको छ भनि।

परमेश्वरले उहाँको आफ्नालाई चिन्नुहुन्छ। "भेडा...मेरो भेडाले मेरो आवज चिन्दछ। तिनीहरुले जान्दछन् कि यो धर्मशास्त्र हो या होइन भनि, कतै यो सहि हो या होइन भनेर।"

113 उनी आज्ञाकारीताका साथ फर्कन्छिन्। तपाईले गर्न पर्ने त्यहि नै हो। र जब उनी फर्किन्, अगमवक्ताले गर्नलाई भनेको कुरा पालन गर्न, त्यसपछि स्वर्गबाट गर्जन आयो, जुन हरेक मान्छेले सुन्नलाई हेर्छन्। किनकि, त्यहाँ अगमवक्ताको आवाजबाट एउटा आवाज आउछ, जुन् हरेक पापी र हरेक विमार व्यक्तिले सुन्न लालायित हुन्छन्, "परमप्रभु यसो भन्नुहुन्छ।"

114 हामी यो सुन्नलाई कति लालायित हुन्छौ! कसरी म हिड्ने ठाउँ निर बस्ने मानिसहरुले भन्छन्, "यस ढोकामा आउनुस्। मेरी छोरी *यस्तो* अवस्थामा छिन्। मेरो बच्हन, मेरो, यति कम। केवल एउटा शब्द बोलिदिनुहोस्।" तपाई आफ्नो मुखमा हुनुभन्दा पहिले कसरी तपाईले यो भन्न सक्नुहुन्छ? तपाई आफैले यो भन्नुहुनेछ। तर तिनीहरुले त्यो सुन्न लालायित हुन्छन्, "परमप्रभु यसो भन्नुहुन्छ।"

115 त्यहाँ यो बारको पल्लो छेउमा यो आउछ, किनभने उनले यो पालन गर्दै थिईन्। र उदासिनता आयो। "परमप्रभु यो भन्नुहुन्छ। परमप्रभु परमेश्वरले यस पृथ्वीमा पानी नपठाउने दिनसम्म भाँडा रित्तिने छैन, न ढुङ्ग्रोको सुक्नेछ।" ओ, कस्तो सान्त्वना!

116 उनले रोटि बनाईन्। उनले अगमवक्तालाई दिईन्। उनी फर्केर गईन् र उनको छोरा र उनको लागि पनि बनाईन्। र तिनीहरुले पृथ्वीमा प्रशस्त मात्रामा खाए र पिए।

117 यो कहाँबाट आयो? यो कसरी त्यहाँ पुग्यो? वैज्ञानिक तवरले मलाई भन्नुहोस् कि त्यो खाना कहाँबाट आयो। कहाँबाट त्यो तेल आयो? कसरी यो त्यस ढुङ्ग्रो भित्र पुग्यो? उनले हरेक बिहान सुक्खा हुनेगरी खन्याईदिन्थिन्। उनले हरेक बिहान खानाको भाँडा रित्याई दिन्थिन् र त्यो सुक्खा थियो। तर जब उनी फेरी लिनलाई जान्थिन्, यो त्यहाँ हुन्थ्यो। यो कहाँबाट आयो? परमेश्वरलाई उहाँको वचनमा लिनुहोस्। परमेश्वरमा निश्चित हुनुहोस्। उहाँ सृष्टिकर्ता हुनुहुन्छ।

118 तपाईले आफ्नो स्वास्थ्य गुमाउनुभएको होला। तपाईले आफ्नो संगति गुमाउनुभएको होला। उहाँलाई उहाँको वचनमा लिनुहोस्। उहाँ परमेश्वर हुनुहुन्छ भनि निश्चित हुनुहुन्छ। विषादपूर्ण समय जुन अहिले देखिएको छ,

त्यो त्यति विधि विषादपूर्ण नहुनसक्छ यदि तपाईले उहाँलाई केवल उहाँको वचनमा लिनुहुन्छ र उहाँ परमेश्वर हुनुहुन्छ भनि निश्चित हुनुहुन्छ भने।

119 एक पटक जर्मनीमा, मैले एउटा तस्बिर देखे, र यो सधै मलाई खड्किन्छ। एउटा जर्मन चित्रकारले चित्रित गरेका छन्...एउटा तस्बिर जुन—जुनलाई "बादलको भूमि।" भनिन्छ। र जब तपाईले यो देख्नुहुन्छ, टाढाबाट, यो तपाईले कहिल्यै नदेख्नुभएको अत्यन्त भयावह देखिने विषाद हो। केवल बादलहरु संगै खप्टीएको देखिन्छ, जब तपाईले त्यो लामो दूरीबाट हेर्नुहुन्छ। तर जब तपाई वास्तवमै यसको नजिक जानुहुन्छ, यो परीवर्तन हुन्छ। यो स्वर्गदूतको पखेटाहरु संगै फट्फटाएको हुन्छ, परमप्रभुलाई हाल्लेलुयाह गाउदै। त्यसैले कहिलेकाहि त्यहि नै विषाद हुन्छ। यदि तपाईले त्यसलाई हेर्नुहुन्छ, एउटा टाढाको दूरीबाट, त्यो विषादपूर्ण र अन्धाकार देखिन्छ। तर परमेश्वरलाई उहाँको वचनमा लिनुहोस् र उहाँ परमेश्वर हुनुहुन्छ भन्ने कुरामा निश्चित हुनुहोस्, र त्यसको नजिक जानुहोस्, तपाईले पाउनुहुनेछ कि यो त विल्कुल स्वर्गदूतको पखेटा संगै फट्फटाईरहेको हो।

120 उनी केहि हदसम्म अब्राहाम जस्तै थिईन्, जसलाई आफूसँग भएको सबैकुरा दिनको निम्ति बोलाईएको थियो, बलिदानको वेदीमा राख्नको निम्ति बोलाईको थियो। हुनसक्छ तपाईलाई नि आज बिहान त्यसरी नै बोलाईनु भएको को होला, तपाईको सबै मार्गहरु त्याग्नुहोस्। तपाईको अविश्वासलाई छोड्नुहोस्। तपाईसंग भएको सबै कुरा त्याग्नुहोस्। र त्यसपछि तेल र वचन लिनुहोस्, र त्यसलाई संगै मिसाउनुहोस्, र आत्म–बलिदानको वेदीमा यसलाई राख्नुहोस्। तपाईले पाउनुहुनेछ कि, यसले परमेश्वरलाई दृश्यमा बोलाउनेछ, यो उत्तिकै निश्चित छ जत्ति निश्चित रूपमा म अहिले पूलपिटमा उभिरहेको छु।

हामीले प्रार्थना गर्दैगर्दा यसको बारेमा सोच्नुहोस्।

121 के तपाईलाई आज केहि आवश्यकता छ? के तपाईलाई शारीरिक रूपमा प्राप्त गर्न सक्नेभन्दा ठूलो कुराको आवश्यकता छ? के पैसा यति कम छ कि तपाईले आफ्नो भाँडा तिर्न सक्नुहुन्न? के बालबच्चाले नया जुत्ता खोजिरहेका छन्, र तपाईले किन्नको लागि पैसा छैन? के तपाईको घरमा खानाको भाँडा खाली छन्, र तेल को भाडा सुक्खा छ? तपाईले

भण्डारको लागि खाना किन्न सक्नुहुन्न? र, त्यहाँ केहि खराबी छ? याद गर्नुहोस्, उहाँले एउटा प्रतिज्ञा गर्नुभएको छ।

122 के तपाई बिरामी हुनुहुन्छ, र चिकित्सकले तपाईलाई शल्य क्रिया गर्न आवश्यक छ भनेको छ? यो गर्नको लागि तपाईसंग पैसा छैन? तपाईलाई आवश्यक छ।

123 के तपाई एउटा पापी हुनुहुन्छ? के तपाईको आवश्यकता ठूलो छ, यो जान्नुहुन्छ कि यदि परमेश्वरले बोलाउनु हुँदा, आज, तपाई हराउनुहुनेछ? के तपाई विश्वासबाट पछि हटेर परमेश्वरबाट भागीरहनु भएको छ? र तपाईलाई थाहा छ कि तपाई कुनै मण्डलीको हुनुहुन्छ, तर तपाईलाई थाहा छ कि तपाई सहि हुनुहुन्न? तपाईको आफ्नै अन्तस्करणले तपाईलाई भन्छ, वचन अनुसार, कि तपाई गलत हुनुहुन्छ। र तपाईलाई एउटा कुराको आवश्यकता छ। यी शब्दहरु काँढाको मैदानमा या ढुंगा, या पत्थरको हृदयमा पर्न नदिनुहोस्। तिनीहरु राम्रो, उर्वर माटोमा खस्न सकेका हुन्।

124 यदि तपाई विरामी हुनुहुन्छ र तपाई...चिकित्सकले भन्छ कि तपाई निको हुनसक्नुहुन्न, र तपाईले परमेश्वरलाई प्रतिज्ञा गर्नुहुन्छ कि तपाई आफ्नो जीवनभरि उहाँको सेवा गर्नुहुनेछ, र तपाई निश्चित हुनुहुन्छ कि उहाँ परमेश्वर हुनुहुन्छ भनि, आउनुहोस् र उहाँको माग पूराउनुहोस्। यदि तपाईलाई एउटा कुराको आवश्यकता छ, के तपाईले सबैभन्दा पहिले परमेश्वरको लागि आफ्नो हात त्यत्तिकै रूपमा उठाउनुहुन्छ, जति तपाईलाई केहि कुराको आवश्यक छ? परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्।

आउनुहोस् हामी प्रार्थना गरौ।

125 ओ प्रभु, जत्ति यस बिहान म यस पुलपिटमा निश्चित रुपमा छु, मलाई थाहा छ कि तपाईले यसलाई नचिनिकन त्यहाँ ती मध्ये एउटा पनि हात उठ्ने थिएन, किनकि तपाई परमेश्वर हुनुहुन्छ। तपाईले भन्नुभयो, "के एक पैसामा दुई भँगेरा बिक्दैनन्? तिमीहरू धेरै भँगेराभन्दा बढ्ता मूल्यवान् छौ।" कति धेरै तपाईले तिनीहरु मरणशिल मानवको हात देख्नुहुन्छ, जसको लागि तपाईको पुत्र येशू मर्नुभयो! त्यो एउटा भँगेरा भन्दा कति धेरै तपाईले ती हातहरु हेर्नुहुन्छ, यदि यो यस बिहानीमा आएको छ भने। मलाई लाग्छ...एक दर्जन भँगेरा आज बिहान एक पैसाको लागि बिक्रि हुनेछैन, किनकि कोहिले पनि तिनीहरुलाई चाहदैनन्। त्यहाँ तिनीहरुलाई दफन गर्न समस्या हुनेछ। तर तपाई तिनीहरु हरेकलाई चिन्नुहुन्छ; तिनीहरु शरीरमा

भएको हरेक पखेटाहरु तपाईलाई थाहा छ। हाम्रो शिरमा भएको एक एक केश तपाईलाई थाहा छ।

126 ओ प्रभु, प्रार्थनाको उत्तर दिनुहोस्। तिनीहरुहरुले निश्चित हुन दिनुहोस्, कि तपाई परमेश्वर हुनुहुन्छ, र यो तपाईको आत्मा हो। यस आधुनिक समयको धर्मको सुस्तता र तडक–भडक तिनीहरुबाट निस्कन सकोस्, भन्दै कि, "ओ, म कुनै *फलानो* मण्डलीको हुँ।" परमेश्वर. यो तिनीहरुको दिमागबाट हराएको होस्, ठिक अहिले। यो एउटा क्षणमा, तिनीहरुले अनन्त जीवनको एक झलक पाउन सकेका होउन्। र त्यसपछि तिनीहरुले यसको लागि खोज्ने र भोकाउने छन्, कि परमेश्वर को हुनुहुन्छ भने जान्नको निम्ति, र तिनीहरु निश्चित छन् कि उहाँ परमेश्वर हुनुहुन्छ भनि। उहाँले आफ्नो वचन पूरा गर्नुहुन्छ।

127 पापीहरुलाई, तिनीहरुले चाडै पश्चाताप गर्न सकेका होउन्. येशू ख्रीष्टको नाउँमा बप्तिस्माको लागि तयार गरेका होउन्। र तपाईले प्रतिज्ञा गर्नुभएको थियो कि तपाईले तिनीहरुलाई पवित्र आत्मा दिनुहुनेछ। तपाईले यो भन्नुभएको छ, प्रभु। तपाई आफ्नो प्रतिज्ञा राख्नुहोस्।

128 त्यहाँ एउटा विश्वासमा हटेका व्यक्ति छ जो निश्चित छ कि तपाई नै परमेश्वर हुनुहुन्छ भनि, र तिनीहरु टाढा गएका छन्। तिनीहरु आज आउन सकेका होउन्, किनभने तपाईले भन्नुभएको छ, "तिमीहरुको पाप गाढा रातो भए तापनि, तिनीहरु हिऊ जस्तै सेतो पारिने छ। सिन्दुर जस्तो रातो भए पनि, ऊन् जस्तै सेतो हुनेछ।"

129 र यदि त्यहाँ तिनीहरु छन् हो बिमार छन्, तिनीहरुले बुझुन् कि तपाई परमेश्वर हुनुहुन्छ। तपाईले आफ्नो वचन पूरा गर्नुहुन्छ। तपाईले आफ्नो वचन पूरा गर्नु नै पर्छ। जस्तो कि तिनीहरु आफै, तिनीहरुको तेल सित आउछन्, आत्मा जुन तिनीहरुमा छन् जसले तिनीहरुले विश्वास गर्छन् भनेर स्वीकार गरेका छन्। र त्यसपछि, वचनसंग पनि, जीवनको रोटि जुन बाहिर गयो, जो ख्रीष्ट हुनुहुन्छ; पूरानो नियममा पकड राखेको होस्; र नया नियममा, यो देखाउनको लागि कि उहाँ हिजो, आज र सदासर्वदा एक समान हुनुहुन्छ। तिनीहरुले यस वचनलाई तेल, आत्मासंग, मिसाएका होउन्, जुन तिनीहरुले पाएका छन्, त्यसपछि तिनीहरुको खुट्टामा खडा भएका होउन्, यसो भन्दै, "म संग भएको सबै यहि नै हो, प्रभु। म यसलाई ल्याउदछु।"

ओ, कसरी तपाईले यसलाई गुणा गर्नुहुनेछ! कसरी यसले इतिहासको परमेश्वरलाई दृश्यमा बोलाउनेछ! कसरी यसले यहोवा उदाउने बनाउनेछ, मुट्टको सूजनको साथ, कि, “मेरो एउटा बच्चा जसले मेरो आज्ञा पालन गर्छ। मैले त्यसलाई जाँचबाट भएर लागे, र त्यसले मलाई प्रेम गर्छ र त्यसले मलाई विश्वास गर्छ भनि साबित गर्यो। उ निश्चित छ कि म परमेश्वर हुँ।” किनकि यस्तो भनिएको छ, “किनकि जो परमेश्वरको नजिक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ, र उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ।” यसलाई प्रदान गर्नुहोस्, यहि घडि, जसै हामी यसलाई तपाईमा सुम्पन्छौ।

130 र, अब, हाम्रो शिरहरु झुकिरहेको बेला। र तिनीहरु जसलाई कुनै कुराको आवश्यकता छ, के तपाईहरु आफ्नो खुट्टामा उभिनुहुन्छ, जुन स्थानमा…अब, यदि उहाँ परमेश्वर हुनुहुन्छ भनि तपाई निश्चित हुनुहुन्न भने…यदि तपाई निश्चित हुनुहुन्छ उहाँ परमेश्वर हुनुहुन्छ भनि, उहाँले आफ्नो प्रतिज्ञा, मुक्ति, चंगाई, जे केहि पनि यो हुनसक्छ, राख्न जानुहुनेछ, यदि तपाई निश्चित हुनुहुन्छ उहाँ परमेश्वर हुनुहुन्छ भनि, तपाईको खुट्टामा उभिनुहोस्। यदि तपाईले अरु कसैको लागि प्रार्थना गर्न चाहनुहुन्छ भने, आफ्नो खुट्टामा उभिनुहोस्। यदि तपाई—यदि तपाई निश्चित हुनुहुन्छ उहाँ परमेश्वर हुनुहुन्छ भनि, तपाईको अनुरोधलाई सन्तहरुको भेलामा थाहा दिनुहोस्। तपाईले आफ्नो खुट्टामा उभिरहादा तपाईले यो गर्नुहोस्…[टेपमा खाली स्थान—सम्पा।]

“म निश्चित छु कि उहाँ परमेश्वर हुनुहुन्छ। म विश्वास गर्छु कि उहाँले आफ्नो वचन पूरा गर्नुहुन्छ। र म पक्का छु कि मेरो अनुरोध… म रगतको मुनि यसलाई राख्दछु, ठिक अहिले।” यदि तपाईले त्यसो गर्नुभयो, हरेक पापलाई राख्नुभयो, सबै…पाप अविश्वास हो। तपाई एउटा मण्डलीको सदस्य हुनसक्छ, तर म पापको कुरा गर्दैछु, तपाईको पाप “अविश्वास” हो। तपाईले यसलाई बलिदानको रूपमा राख्दै हुनुहुन्छ। तपाईले यसलाई बलिदान गर्न जादैहुनुहुन्छ। तपाई क्रूसमा आउदै हुनुहुन्छ। तपाई बलिदानको लागि जादैहुनुहुन्छ, अहिले, तपाईको सबै अविश्वासको। र यो उहाँलाई दिनुहोस्, र जान्नुहोस् कि उहाँ हुनुहुन्छ, र उहाँले जवाफ दिनुहुन्छ भनि तपाई निश्चित हुनुहोस्। यदि तपाई त्यसको लागि हुनुहुन्छ भने, तपाईको हात उचाल्नुहोस्। त्यहि तरिकामा बसिरहनुहोस्।

131 प्रभु, तपाई परमेश्वर हुनुहुन्छ। यहाँ तिनीहरुको तेल र तिनीहरुको अन्न छन्, एकसाथ मिसाईएको छ। तिनीहरुले यसलाई क्रूसमा ल्याईरहेका छन्, जहाँ परमेश्वरको आगो तिनीहरुको हृदयभित्र खस्नेछ (यदि तिनीहरुले साच्चै नै यो मानेका हुन् भने) र त्यो बलिदान खपत गर्नेछन्। तपाई दृश्यमा चहलपहल गर्नुहेंछ, लुकाईएको पानी उठाउनुहुनेछ। जुन स्वर्गबाट आईरहेको छ, एउटा आगोको रथमा। तिनीहरुलाई इनाम दिनको निम्ति तपाईले पूरा स्वर्ग र पृथ्वीलाई हल्लाउनुहुनेछ।

132 जस्तो तिनीहरु आफ्नो हात हावामा उठाएर भइरहेका छन्, यो संकेत गर्दै कि तिनीहरु विश्वास गर्छन्, र आफैलाई चढाएका छन्, र हरेक अनुरोध जुन तिनीहरुसंग छ, ठिक तपाईको वेदीनिर चढाएका छन्। ओ स्वर्ग र पृथ्वीको परमेश्वर, स्वर्ग र पृथ्वीको न्यायकर्ता, निश्चय नै स्वर्ग र पृथ्वीका न्यायकर्ताले धार्मिकता दिनुहुनेछ। निश्चय नै उहाँले आफ्नो वचन राख्नुहुनेछ, तपाई जसले पुरुषहरुको हृदय जान्नुहुन्छ, स्त्रीहरुको हृदय जान्नुहुन्छ, यी मानिसहरुको हृदय जान्नुहुन्छ।

133 प्रभु परमेश्वर, म मेरो आफ्नै हात माथि उचाल्छु, किनकि मलाई थाहा छ कि मेरो सेवकाईमा अहिले बदलाव आएको छ। र म विश्वास गर्छु कि तपाई हुनुहुन्छ। मैले तपाईलाई आगोको स्तम्भमा उभिरहेको देखेको छु। मैले मानिसहरुको हृदयको गुप्त कुरा तपाईले खोज्नुभएको देखेको छु। एकपटक पनि तपाई असफल हुनुभएको छैन। तपाईले यो त्यसबेलामा पारी प्रतिज्ञा गर्नुभयो, यहाँको सडक पारमा, जब तपाईले यी कुराहरु गर्न पहिलो पटक थाल्नुभयो। र तपाईले मलाई संसारको चारैतिर सुरक्षित राख्नुभयो, र चारैतिर, चारैतिर। म निश्चय छु कि तपाई परमेश्वर हुनुहुन्छ। म त्यसकुरामा निश्चित छु।

134 यी मानिसहरुका साथ म आफैलाई पनि तपाईमा चढाउदछु, र म संग भएका सबैथोक तपाईमा चढाउछु, तपाईको सेवाको लागि, प्रभु। म फेरी पनि शुरू गर्दैछु, प्रभु, संसारभरि घुम्दै। मलाई सहायता गर्नुहोस्, ओ परमेश्वर। यदि मैले तपाईलाई कुनैपनि समय अविश्वास गरेको थिए भने, मेरा पापहरुको निम्ति मलाई क्षमा दिनुहोस्। मेरो अविश्वासको निम्ति मलाई क्षमा दिनुहोस्। मलाई थाहा कि तपाई हुनुहुन्छ, र तपाईलाई खोज्नेहरुलाई तपाई इनाम दिनुहुन्छ।

135 त्यस्तै प्रकारले, यस बिहानीमा मेरा मानिसहरुको पापहरु, तिनीहरुको कमजोरीहरु र तिनीहरुको संकाहरु म स्वीकार गर्दछु, जस्तो कि तिनीहरु आफ्नो हातहरु हावामा राखेर उभिरहेका छन्। म तिनीहरुको पाप स्वीकार गर्दछु, प्रभु, र हाम्रा सबै घटी कमजोरीहरु पनि। पवित्र आत्मा हामीमा पठाउनुहोस्, तपाई परमेश्वर हुनुहुन्छ भन्ने तपाईको अनुमोदनको छाप सहित पठाउनुहोस्। र तपाई यहाँ हामीलाई लिनको निम्ति हुनुहुन्छ, र तपाईको बाहुलीमा राख्नको निम्ति, र हामीले गुमाएका सबै कुरामा उद्धार गर्नको निम्ति। यदि यो हाम्रो स्वाश्थ्य हो भने, ओ सयगुणा काठ पुनर्स्थापित गरिएको होस्। यदि यो हाम्रो प्राण हो भने, यो हामीमा फुलिएको, चम्किलो लेखको साथ पवित्र आत्माले भरिएर आएको होस्, परमेश्वरको समक्ष प्रस्तुत गर्नको निम्ति। यदि यो अविश्वास हो भने, पहाडहरु हटाउने विश्वासका साथ यो फेरी हामीमा आउन सकेको होस्, प्रभु। यसलाई प्रदान गर्नुहोस्, प्रभु।

136 हामी विश्वास गर्छौं कि तपाई अघि बढ्दै हुनुहुन्छ, पवित्र आत्मा यस भवनको माध्यमबाट संतृप्त हुदैछ, यी मानिसहरुमा, र तिनीहरुको हृदयहरुमा, जीवित परमेश्वरलाई स्वीकार गर्नको लागि तिनीहरुलाई उत्प्रेरित गर्दैहुनुहुन्छ। यो हामी येशू ख्रीष्टको नाउँमा गर्दछौं।

मेरो विश्वासले तपाईमाथि हेर्दछ,
तपाई कलवरी थूमा,
दिव्य मुक्तिदाता,
अब मैले प्रार्थना गर्दैगर्दा मलाई सुन्नुहोस्,
मेरा सबै पापहरु हटाउनुहोस्,
न त मलाई कहिल्यै भड्किन दिनुहोस्
तपाईबाट टाढा।

137 के तपाईले साच्चै नै यो विश्वास गर्नुहुन्छ? के तपाईले यो प्राप्त गर्नुहुन्छ? आफ्नो हात उठाउनुहोस्, भन्नुहोस्, "म अब यो प्राप्त गर्छु। म उहाँलाई विश्वास गर्छु।"

जब जिन्दगीको अँध्यारो चक्र–व्यूह मा म हिड्छु,
र मेरो वरिपरी शोक फैलिन्छ,
तपाई मेरो मार्गदर्शक बन्नुहोस;
गहिरो अन्धकार दिनमा परिणत हुन्छ,

दुख मेटिन्छ डर हटाईनेछ,
न त मलाई कहिल्यै भड्किन दिनुहोस्
तपाईबाट टाढा।

आउनुहोस् हाम्रो शिरहरु झुकाऔ।

138 यो कडा, कठोर संदेश पश्चात; कठोर, र एउटा खर्रो तरिकाले बाहिर ल्याईएको छ, तर यो सत्य हो। र यदि तपाईले माग्नुभएको कुरा नम्रतापूर्वक विश्वास गर्नुहुन्छ भने, जुन तपाईले पाउनुभयो, कुनै पनि कुराले कहिल्यै पनि तपाईलाई त्यस सिधा सडकबाट धकेल्न नदिनुहोस्। ठिक त्यहि निर खडा हुनुहोस्। मैले जति नै प्रचार गरे तापनि, मैले जे गरे भने पनि, वा कुनै पनि मानिसले जे गरे पनि, यसले कहिल्यै पनि असर ल्याउदैन जबसम्म तपाईले यसलाई तपाईको आफ्नो निजी सम्पत्तिको रूपमा स्वीकार गर्नुहुदैन।

139 यदि तपाईले त्यसलाई तपाईको पूर्ण हृदयले विश्वास गर्नुभयो भने, तपाईले चाहनुभएको सबैकुरा, यदि तपाईले आफ्ना सबै पापहरु स्वीकार गर्नुभएको छ भने, परमेश्वरले तपाईलाई क्षमा दिनुभयो। तपाईले यसमा अब उप्रान्त कहिल्यै पनि संका नगर्नुहोस्। यदि तपाई एउटा विश्वासमा पछाडि हटेको व्यक्ति हुनुहुन्छ भने, यस बिहानीमा तपाईलाई पछाडि फर्काएर लागिएको छ। यदि तपाईलाई पवित्र आत्मा चाहिन्छ, त्यसो भए तपाईको पाप क्षमादानको निम्ति येशू ख्रीष्टको नाउँमा बप्तिस्मा लिनुहोस्। त्यो परमेश्वरको वचन हो। उहाँले कुनै पनि मण्डली, नामधारी संगठन, या कसैको लागि लागि भनेर यसलाई बदल्नुहुनेछैन। यो त्यहि रुपमा हुनुपर्छ। हामीले उहाँको मागहरु पूरा गर्नुपर्दछ, मण्डलीको मागहरु होइन, उहाँको मागहरु। त्यहि नै हामीले गर्नुपर्दछ।

140 उहाँले भन्नुभयो, "विश्वासको प्रार्थनाले बिरामीलाई बचाउनेछ।" यदि तपाई बिमार हुनुहुन्छ भने, मैले विश्वासको प्रार्थना तपाईको निम्ति गरिदिएको छु। तपाईले तपाईको आफ्नै हृदयमा प्रार्थना गर्नुभएको छ। र यसलाई विश्वास गर्नुभएको छ, यसलाई स्वीकार गर्नुभएको छ, र यसमा थप खडा हुनुभएको छ। यो त्यस तरिकामा हुनुपर्नेछ। केहि कुराले यसलाई खोस्न सक्दैन, चाहे यो जति नै विषादपूर्ण किन नदेखियोस्।

141 तपाई भन्नुहुन्छ, "अँ, यो यस्तो लाग्नसक्छ कि म अझै पनि बिमार छु।" त्यो होइन...यो केवल स्वर्गदूतको पखेटा संगै फट–फटाईरहेको हो। त्यो नै हो। यो आशिषको रूपमा परमेश्वर हुनुहुन्छ। यो तपाईलाई विषादपूर्ण

देखिन्छ। यसको थोरै नजिक आउनुहोस् र यसमा फेरी हेर्नुहोस्, हेर्नुहोस् यदि यो परमेश्वर खडा हुनुहुन्न भने, उहाँको वचन पूरा गर्दै हुनुहुन्छ।

142 अब जसरी हामीले हाम्रो शिरहरु झुकाईरहेका छौ, म सेवालाई भाई नेभिल, हाम्रो पाष्टरलाई दिनेछु।

***परमेश्वरमा निश्चित हुनुहोस्*** NEP59-0125

(Be Certain Of God)

यो संदेश भाई विलियम म्यारियन ब्रन्हामद्वारा मूल रूपमा अंग्रेजीमा आईतबार बिहान, जनवरी २५, १९५९ मा, ब्रन्हाम टेबरनेकाल, जेफरसनभिल, इन्डियाना, संयुक्त राज्य अमेरिका, मा प्रचार गरिएको थियो। यो प्रवचन चुम्बकीय टेप रेकर्डिङ्गबाट लिईएर अंग्रेजीमा कुनै काँट–छाँट नगरी छापिएको छ। यो नेपाली अनुवाद वोईस अफ गड रेकर्डिङ्गद्वारा छाप्ने र वितरण गर्ने गरिएको छ।

NEPALI

©2021 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org